# स्थानीय पाठ्यक्रम
# २०८०


बलेफी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

# प्राक्कथन

नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम भने नेपाल सरकारले स्वीकृत गरे बमोजिम हुनेछ । स्थानीय सरकार सन्चालन ऐन २०७४ ले पनि स्थानीय तहका अधिकारहरू उल्लेख गरेको छ । बलेफी गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७४ ले दिएको अधिकार प्रयोग गरि नेपाल सरकार ले जारी गरेको स्थानीय पाठ्यक्रम प्रारूप २०७६ अनुसार यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ। स्थानीय पाठ्यक्रमको सन्दर्भ, सैद्धान्तिक अवधारणा, महत्व, मुद्दा, औचित्य, विद्यमान प्रावधान अन्य पाठ्यक्रमको अन्तरसम्बन्ध ढाँचा र स्वरूप सम्भावित विषय क्षेत्र, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनसँग सम्बन्धित व्यवस्था र विभिन्न निकायको भूमिकालाई दृष्टिगत गरी यस बलेफी गाउँपालिकाको आवश्यकतालाई पहिचान गर्दै आधारभूत तह अन्तर्गत प्राथमिक तहका १-८ का लागि पठनपाठन गर्न बलेफी गाउँपालिका स्थानीय पाठ्यक्रम २०८० निर्माण गरी लागू गरिएको छ ।

बलेफी गाउँपालिका सिन्धुपाल्चोक जिल्ला भित्रको एउटा सुन्दर गाउँपालिका हो । यो जिल्लाको मध्य भागमा अवस्थित छ । काठमाडौंबाट अरनिको राजमार्ग हुँदै १७५ किलोमिटर दुरी पार गरेपछि बलेफी गाउँपालिको प्रशासनिक कार्यालय पुगिन्छ। बलेफी गाउँपालिकाको प्रशासनिक केन्द्र रहेको बलेफी बजार समुन्द्र सतह देखि ८०० मिटरको उचाईमा रहेको छ । सिन्धुपाल्चोक जिल्लाका साविकका ४ वटा गाविसहरु समेटी नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७१ मंसिर २६ गतेको निर्णयअनुसार बलेफी गाउँपालिका घोषणा भएको हो । साविकका गाविसहरु क्रमश: जलबिरे, फुल्पिङकोट, फुल्पिङडाँडा र मांखा मिलेर बलेफी गाउँपालिकाको भौगोलिक संरचना बनेको छ । बलेफी गाउँपालिकाको कुल क्षेत्रफल ६१.६० वर्ग कि.मि. रहेको छ । यस गाउँपालिकामा खेतीयोग्य उर्वर भूमिको साथै पशुपालनका लगायत आन्तरिक पर्यटन उद्योगको प्रचुर सम्भावना रहेको छ । सुनकोशी र ब्रम्हायणी नदीको संगमस्थल बलेफी बजारको नामबाटै गाउँपालिकाको नामाकरण गरिएको हो। अरनिको राजमार्ग, जुगल हिमालको आधारशिविर जाने मूल बाटो बलेफी चर्चित एवं ऐतिहासिक बजार हो । बलेफी दोभानमा ऐतिहासिक कपिलेश्वर महादेव मन्दिर रहेको छ । विभिन्न खोल्सा खोल्सी र अन्य मूलबाट बग्ने पानीको व्यवस्थापन गर्दा कृषि व्यवसायबाट प्रशस्त आय आर्जन हुने देखिन्छ । स्थानीय मल बिउको प्रयोग गरी स्वास्थ्यवर्धक ताजा फलफूल, तरकारी उत्पादनको प्रशस्त सम्भावना रहेकाले त्यसको उपयोग गरी व्यापार व्यावसायको माध्यमबाट सहज रुपमा जीविकोपार्जन गर्न सकिने प्रशस्त अवसर रहेको देखिन्छ । यसै गरी यहाँ सम्भावना रहेका फलफूल पशुपन्छी साथै घरेलु सामान उत्पादनलाई व्यावसायिक बनाउदै स्थानीय स्वरोजगार बढाउनु यस गाउँपालिकाको दायित्व रहेको छ ।

रोजगारीका लागि युवा पुस्ताका जनशक्ति विदेश र शहरमा पलायन भइरहेको वर्तमान अवस्थालाई सुधार ल्याउन उपयोग विहीन बाँझो जग्गाको प्रयोग गरी कृषि व्यावसायको विकास गर्नु पर्दछ । यस स्थितिलाई सुधार गर्न बालबालिकामा सानै कक्षादेखि आफ्नो गाउँपालिकामा हुने र गर्न सकिने व्यावसायिक कार्य र त्यसबाट प्रशस्त आय आर्जन गरी जीवन निर्वाहमा सहयोग पुयाउने, स्वस्थ जीवनयापन गर्न सकिने एवम् अन्य आय आर्जन गर्न सकिने कुरामा सकारात्मक धारणा बस्ने अपेक्षा गरिएको छ । साथै बलेफी गाउँपालिकाभित्रको स्थानीय संस्कृतिको पहिचान गरी संरक्षण, संवर्द्धन र विकास होस् भन्ने उद्देश्यले यो स्थानीय पाठ्यक्रम तयार गरिएको हो । कक्षा १ देखि ८ कक्षा सम्मका बालबालिकामा आफ्नो लागि काम गर्ने बानीको विकास गरी कृषि कार्य लगायत गाउँपालिका भित्रका घरेलु तथा साना उद्योगबाट हुने उत्पादन तथा आन्तरिक पर्यटन व्यवसायबाट हुने लाभ आदिको जानकारी लिई आय आर्जन हुने कुराप्रति सकारात्मक धारणाको विकास गर्न संस्कृतिको पहिचान र विकास गर्न यस स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको छ । त्यसै कारणले बलेफी गाउँपालिका स्थानीय पाठ्यक्रम २०८० तयार पारिएको हो ।

यो पाठ्यक्रम तयार गर्ने क्रममा बलेफी गाउँपालिका स्थानीय जनप्रतिनिधि, स्थानीय नीति निर्माता, स्थानीय शिक्षक, स्थानीय संघ संस्थाका प्रतिनिधि, स्थानीय बुद्धिजीवी, उद्योगी, व्यावसायी, लगायत विभिन्न निकायका प्रतिनिधिहरूको उपस्थितिमा अन्तरक्रिया सहित राय सुझाव संकलन गरिएको थियो । साथै स्थानीय पाठ्यक्रम निर्माण मस्यौदा समिति गठन गरी सोही समितिबाट स्थानीय अध्ययन अनुसन्धान गर्दै मस्यौदा निर्माण गरियो । मस्यौदा माथि छलफल साथै परिस्कार गरी यो पाठ्यक्रम तयार भएको हो । स्थानीय पाठ्यक्रम निर्माण जस्तो महत्वपूर्ण कार्यमा संलग्न भई आफ्ना अमुल्य राय सुझाव दिइ सहयोग गनुहुने सम्पूर्ण महानुभावप्रति स्थानीय पाठ्यक्रम निर्माण समिति साथै बलेफी गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ । साथै प्राविधिक सहयोग पुयाउनु हुने विज्ञ समूह र प्रकाशनका निमित्त भूमिका निर्वाह गर्नु हुने महानुभावप्रति हार्दिक धन्यवादका साथ कृतज्ञता ज्ञापन गर्दछौं ।

गंगा बहादुर तामाङ
अध्यक्ष

# हाम्रो भनाइ

शिक्षा बिना विकासको परिकल्पना गर्न नसकिने हुनाले विकासको मुख्य मेरुदण्डको रुपमा शिक्षालाई लिने गरिन्छ। शिक्षा परिस्कृत र मर्यादित जीवनशैलि सम्मानित रोजगारी तथा उद्यमशिलताको आधार पनि हो। शिक्षाले नै व्यक्ति, परिवार, समाज मात्र होइन सिंगो राष्ट्र नै समृद्ध बनाउन महत्वपूर्ण भुमिका खेल्दछ। रोजगारमूलक, व्यवसायिक र प्राविधिक शिक्षाले मात्र उत्पादनशिल र नैतिकवान जनशक्ति निर्माण गर्न सक्ने कुरामा दुइमत छैन।

नेपालको संविधानले नै शिक्षालाई मौलिक हकको रुपमा परिभाषित गर्दै माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिएको छ। साथै स्थानीय सरकार संचालन ऐन, आधारभुत तथा माध्यमिक शिक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ले पनि विद्यालय शिक्षा व्यवस्थापनका सन्दर्भमा विभिन्न नीतिगत व्यवस्था गरेको छ।

यसै सन्दर्भमा स्थानीय आवश्यकतालाई उचित रुपमा सम्बोधन गर्न शिक्षालाई समायानुकूल आवश्यकतामा आधारित बनाउन सबै तहबाट आवश्यक प्रयास हुनु जरुरी देखिन्छ। पाठ्यक्रम विद्यालयका शैक्षिक कार्यक्रमहरुको मुख्य मेरुदण्ड भएकोले शैक्षिक उद्देश्यहरुलाई योजनाबद्ध ढंगबाट उद्देश्यहरु प्राप्तिका लागि महत्वपूर्ण भूमिका खेल्दछ। केन्द्रिय पाठ्यक्रमले विश्वव्यापीकरणमा जोड दिने र स्थानीय तहको स्थानीय सन्दर्भ पूर्ण रुपमा समेट्न नसक्ने सन्दर्भलाई मध्यनजर गर्दै बलेफी गाउँपालिकाले १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। पाठ्यक्रममा स्थानीय आवश्यकता स्थानीय तहबाट नै पहिचान गरी यहाँका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्व बोकेका स्थलहरुको संरक्षण र संवर्द्धन लगायतका विभिन्न विषयवस्तुहरु समावेश गर्ने प्रयास गरिएको छ। यसलाई बहुआयामिक, समयानुकूल, व्यावहारिक र प्रयोगात्मक रुपमा प्रस्तुत गरेर विद्यार्थीहरुका लागि अझ उपयोगी बनाउन तत्पर रहेको छ। आफ्नो क्षेत्रमा रहेका महत्वपूर्ण वस्तुहरुको परिचय गराई उनीहरुमा आफ्नो ठाउँ, कला, संस्कृतिको परिचित गराउनु र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी, स्वावलम्बी बन्ने धारणाको विकास गराउनु आजको आवश्यकता हो। यसलाई पूरा गर्नका लागि केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका तत्तत् विषय वस्तुलाई पूर्णता दिने उद्देश्यका खातिर स्थानीय विषयवस्तुका बारेमा चिनारी गराउने हेतुले यो पाठ्यक्रम तयार पारिएको छ।

पाठ्यक्रमको तयारी मा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिदै यसको सफल कार्यान्वयनका लागि अनुरोध गरिन्छ।

धन्यवाद,

सरु लामा तामाङ
उपाध्यक्ष

# प्रकाशकीय

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ मा विद्यालय स्तरीय शिक्षमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्न राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ मा व्यवस्था भएका पाठ्यक्रमका मार्गदर्शनहरुलाई मुख्य आधार मानी बलेफी गाउँपालिकाले आधारभूत तह कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम विकास गरी शैक्षिक सत्र २०८० बाट कार्यान्वयन ल्याएको छ । स्थानीय पाठ्यक्रमले आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुको सर्वाङ्गिण विकास गर्ने ध्येयले सामाजिक आर्थिक, राजनैतिक, भौगोलिक, सांस्कृतिक विषय वस्तुको यथार्थ ज्ञान प्राप्त गर्न सहयोग गर्नुको साथै स्थानीय भाषा, धर्म, मौलिक संस्कृति, कला, रीतिरिवाज, प्रथा, परम्परा, रहन सहन पेशा व्यवसाय, सिप, ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरु का साथै प्राकृतिक स्रोत साधनको पहिचान, उपयोगिता तथा संरक्षण र सम्बर्द्धनमा जानकारी गराई सम्भावित प्राकृतिक विपत्ती, जोखिमको पहिचान र त्यसबाट बच्ने उपायहरुको बारेमा समेत अवगत गराउने छ ।

यस स्थानीय पाठ्यक्रम भित्र स्थानीय पाठ्यक्रमको अवधारणा, विषय क्षेत्रहरु, स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य, राष्ट्रिय शिक्षाका उद्देश्यका साथै आधारभूत तहको शिक्षाको संरचना, तहगत सक्षमता, सिकाइ उपलब्धि, क्षेत्र र क्रम विषयवस्तुको विस्तृतीकरण, सिकाई सहजीकरण विधि तथा प्रक्रिया, विद्यार्थी मूल्याङ्कन र पाठ्यक्रम कार्यान्वयन प्रक्रिया लगायतका विषयवस्तुहरु समावेश गरिएको छ ।

सरोकारवालाहरु सबैको सहकार्य समन्वयमा तयार पारिएको पाठ्यक्रमको सफल र सहज कार्यान्वयनको अपेक्षा गर्दै कार्यान्वयन पश्चात आवश्यक परिमार्जनका लागि सल्लाह सुझावको अपेक्षा गर्दछु । बलेफी गाउँपालिकाको स्थानीय पाठ्यक्रम तयारीमा सहयोग पुयाउनु हुने गाउँकार्यपालिका पदाधिकारीहरु, जनप्रतिनिधिज्यूहरु, शिक्षा समितिका पदाधिकारीहरु, पाठ्यक्रम निर्माण समिति, विज्ञ, शिक्षक तथा कर्मचारीहरु सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सलबहादुर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

| | | |
|---|---|---|
| | | पेज नं |
| १. | परिचय | १ |
| २. | विषय क्षेत्रहरु | २ |
| ३. | स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य | २ |
| ४. | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | ३ |
| ५. | आधारभूत शिक्षा (कक्षा १–८) का तहगत सक्षमता | ४ |
| ६. | आधारभूत तहको शिक्षाको संरचना | ५ |
| ७. | आधारभूत तहको पाठ्यक्रम संरचना | ५ |
| ८. | स्थानीय पाठ्क्रमको तहगत सक्षमता | ७ |
| ९ | सिकाइ उपलब्धि | ९ |
| १० | क्षेत्र र क्रम | १३ |
| ११ | विषयवस्तुको विस्तृतीकरण | १८ |
| १२ | सिकाई सहजिकरण विधि तथा प्रक्रिया | ५६ |
| १३ | विद्यार्थी मूल्याङ्कन | ५७ |
| १४ | पाठ्यक्रम कार्यान्वयन प्रक्रिया : | ५८ |

# १. परिचय

नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था स्वत सिद्ध छ । देश विकासको विभिन्न पक्षमा सबै नागरिकको स्वामित्व र सहभागिता आवश्यक हुन्छ । शिक्षा क्षेत्रको सन्तुलित र समुचित विकासको लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले बलेफी गाउँपालिकाले स्थानीय पाठ्यक्रम तयार गरको छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृ भाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी अध्यापन गराउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक पाठ्यभार ३ र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरिएको थियो । तर उक्त व्यवस्था कार्यान्वयन हुन सकेन । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३) र २०६५ (कक्षा १-५) ले सामाजिक अध्ययन, शारीरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% स्थानीय विषय समावेश गर्ने व्यवस्था गर्‍यो । आधारभूत शिक्षा (कक्षा ६-८) को पाठ्यक्रम २०६९ मा साप्ताहिक पाठ्यभार ५ र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७१ अनुसार आधारभूत तहमा १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गरियो । यसरी विभिन्न समयमा विभिन्न नीतिगत व्यवस्था हुँदा हुँदै पनि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनको अवस्था अलमलमै परेको देखिन्छ ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ र २०७१ ले शैक्षिक क्षेत्रमा देखापर्ने शैक्षिक मुद्दा र चुनौतीलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिएको थियो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को प्रावधान अनुसार स्थानीय तहले आधारभूत तहमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गरिएको छ । उक्त प्रारूपले मातृभाषा/स्थानीय विषयको पाठ्यक्रमका सम्बन्धमा कक्षा १-३ सम्म ५ पाठ्य घण्टा तथा वार्षिक १६० कार्य घण्टा हुने व्यवस्था गरेको छ । कक्षा ४ देखि ८ सम्म ४ पाठ्य घण्टा तथा १२८ कार्य घण्टा कायम गरेको छ ।

यसमा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषय क्षेत्र र क्रम, विषयवस्तुको विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया, शिक्षण विधि र मूल्याङ्कन पद्धति जस्ता प्रक्रिया समावेश गरी विद्यार्थीको पूर्व ज्ञान, सिकाइ अनुभव, पृष्ठभूमि, रुचि, चाहना र स्थानीय आवश्यकताका आधारमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरिनेछ । विद्यार्थीले सिकेका ज्ञान, बोध, सिप, प्रयोग र उच्च दक्षता जस्ता सिकाइ उपलब्धिको मापन तथा मूल्याङ्कनका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अवलम्बन गरिने छ ।

## २. विषय क्षेत्रहरु

प्रत्येक गाउँ तथा टोलमा एउटा सानो विश्व लुकेको हुन्छ। एउटै पाठ्यक्रममा सबै विषयवस्तु समावेश गर्न नसकिने कुरालाई मध्यनजर गर्दै बलेफी गाउँपालिकाले स्थानीय पाठ्यक्रम तयार गरेको छ। गाउँपालिका सेरोफरोका भौगोलिक, धार्मिक, सांस्कृतिक, भाषिक लगायत विभिन्न क्षेत्रसँग सम्बन्धित ज्ञान, सिप, बोध, उच्च दक्षता र अभिवृद्धिका पक्षहरुलाई समावेश गरी आधाभूत तह (१-८) मा अध्ययनरत बालबालिकालाई केन्द्रविन्दु मानेर यो पाठ्यक्रम तयार गरिएको छ। यस पाठ्यक्रममा निम्न लिखित विषय क्षेत्रहरु समावेश गरिएको छ।

१. बलेफी गाउँपालिकाको परिचय
२. स्थानीय प्राकृतिक स्रोत र सम्पदा
३. स्थानीय सांस्कृतिक मूल्यमान्यता
४. स्थानीय प्रकोप तथा प्राकृतिक विपद जोखिम र त्यसको व्यवस्थापन
५. पर्यटन प्रर्वद्धन
६. स्थानीय सिप, प्रविधि
७. स्थानीय आयआर्जन
८. स्थानीय जडीबुटी पहिचान तथा प्रयोग
९. स्थानीय सहकारी तथा समूह परिचालन
१०. स्थानीय तथा राष्ट्रिय खेलकुद
११. सरसफाइ तथा फोहोरमैला व्यवस्थापन
१२. स्थानीय कृषि उत्पादन र महत्व

## ३. स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य

- स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्यलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गर्न सकिन्छ।
- स्थानीय आवश्यकताको परिपूर्ति गर्ने
- स्थानीय मागमा आधारित हुने
- स्थानीय स्रोत, साधन, सिप र विज्ञताको उपयोग गर्ने
- स्थानीय स्तरमानै सिक्ने र सिकाउनेको सहभागिता सुनिश्चित गर्ने
- पाठ्यक्रम प्रति सरोकारवालाको अपनत्वको सिर्जना एवम् विकास हुने

- सरोकारवालाको सक्रिय सहभागिता बढ्ने
- समावेशीकरण, सहभागिता, निर्णय प्रक्रिया र जनअपेक्षाले स्थान पाउने
- रोगजार तथा स्वरोजगार अवसरहरु सिर्जना गर्ने
- व्यावहारिक पक्षलाई जोड दिने
- विद्यार्थी केन्द्रित प्रयोगात्मक विधिमा जोड दिने
- स्थानीयकरणले शिक्षकको सक्षमता र दक्षता अभिवृद्धि हुने

## ४. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानसार हुनेछन्

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने

(ख) संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध राष्ट्र र राष्ट्रियता प्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान् नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुयाउने

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्द्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संबर्द्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ५. आधारभूत शिक्षा (कक्षा १–८) का तहगत सक्षमता

**आधारभूत तहको अन्त्यमा विद्यार्थीहरूले निम्न लिखित सक्षमता हासिल गर्ने छन् ।**

१. बलेफी गाउँपालिकाको परिचय, क्षेत्रफल, साँध सिमाना, भौगोलिक तथा राजनैतिक बनावट, जातजाति, हावापानी, मौसम, भाषा, धर्म, संस्कृति, चाडपर्व, वेशभूषा, रहनसहन, जनसङ्ख्याको बनावट र शैक्षिक अवस्थाको जानकार

२. स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान सम्बर्द्धन, उपयोग र संरक्षणमा सहभागि

३. स्थानीय समुदायका मानिसहरुको चालचलन, भाषा, चाडपर्व, पहिरनको पहिचान, सांस्कृतिक तथा मूल्यमान्यताको संरक्षण बारे जानकार

४. प्राकृतिक प्रकोपसँग परिचित भई सुरक्षाको उपायहरु अवलम्बन गरी प्राकृतिक प्रकोप न्यूनीकरणमा सहयोग भूमिका निर्वाह

५. स्थानीय पर्यटकीय क्षेत्रको पहिचान, संरक्षण र प्रवर्द्धन

६. स्थानीय स्तरमा उपलब्ध परम्परागत र आधुनिक सिप र प्रविधिको माध्यमबाट आयआर्जन, जीविकोपार्जनका सम्बन्धमा जानकार

७. स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटी पहिचान संरक्षण र प्रयोग

८. सहकारीको परिचय र महत्व

९. स्थानीय आयआर्जनसँग परिचित भई आयआर्जन कृषि लगायतका सम्भावित क्षेत्रको पहिचान गरी त्यसको आवश्यकता महत्व र स्वस्थकर प्रयोगमा जानकार

१०. स्थानीय र राष्ट्रिय खेलको जानकारी र अभ्यास

११. आफू र आफू संलग्न संघसंस्था तथा सामाजिक परिवेशको फोहोरमैला व्यवस्थापनमा सहभागिता जनाउन

## ६. आधारभूत तहको शिक्षाको संरचना

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा बाँडेको छ। आधारभूत तहको कक्षा १ मा प्रवेश गर्नुपूर्व १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था हुने छ। विद्यालय शिक्षाको संरचनामा कक्षा १ देखि ८ सम्म गरी आठ वर्ष अवधिको आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण र प्राविधिक तथा व्यावसायिके हुने छ। माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ। सिकारुको उमेर, सिकाइ, क्षमतास्तर तथा बालमनोविज्ञान समेतलाई आधार मानी विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना निम्न बमोजिम निर्धारण गरिएको छ।

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १-३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |

## ७. आधारभूत तहको पाठ्यक्रम संरचना

### कक्षा १–३

| क्र.सं. | विषय सम्बन्धी क्रियाकलाप | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (नेपाली) | ५ | १६० |
| २. | भाषिक सिप विकास सम्बन्धी क्रियाकलाप (अङ्ग्रेजी) | ४ | १२८ |
| ३. | गणितीय सिप विकास सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ४. | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ५. | सामाजिक अध्ययन, चारित्रिक विकास तथा सिर्जनात्मक कला सम्बन्धी क्रियाकलाप | ४ | १२८ |
| ६. | मातृभाषिक सिप/स्थानीय विषयवस्तु सम्बन्धी क्रियाकलाप | ५ | १६० |
| जम्मा | | २६ | ८३२ |

## कक्षा ४–५

| क्र.सं. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४. | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा/स्थानीय विषय | ४ | १२८ |
| | जम्मा | ३२ | १०२४ |

## कक्षा ६–८

| क्र.सं. | विषय | | | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|---|---|
| | साधारण | संस्कृत शिक्षा/गुरुकुल/वेद विद्याश्रम शिक्षा | गोन्पा तथा विहार/मदरसा शिक्षा | | |
| १ | नेपाली | नेपाली | नेपाली | ५ | १६० |
| २ | अङ्ग्रेजी | अङ्ग्रेजी वा संस्कृत रचना | अङ्ग्रेजी | ५ | १६० |
| ३ | गणित | गणित | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि वा संस्कृत व्याकरण | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५ | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा वा कर्मकाण्ड | सामाजिक अध्ययन तथा मानवमूल्य शिक्षा | ५ | १६० |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा (सिर्जनात्मक कला सहित) | संस्कृत भाषा | स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य वा आचार शिक्षा (दिनियात) वा कुरान (अरेबिक) | ३ | ९६ |
| ७ | मातृभाषा/स्थानीय विषय वा संस्कृत भाषा | वेद वा नीतिशास्त्र | भोटभाषा वा पालीभाषा वा संस्कृत वा अन्यभाषा वा उर्दू भाषा | ४ | १२८ |
| जम्मा | | | | ३२ | १०२४ |

## ८. स्थानीय पाठ्क्रमको तहगत सक्षमता

### ८.१ कक्षा १ देखि ३ को तहगत सक्षमता

१. बलेफी गाउँपालिकाको परिचय सिमाना वडा विभाजन, भौगलिक बनावट, जातजाति, भाषा, धर्म,सांस्कृतिक पर्व, वेशभुषाको सामान्य जानकारी

२. स्थानीय प्राकृतिक स्रोत सम्पदाको चिनारी

३. घर समुदायमा बोलिने भाषा, मनाइने चाडपर्व, मानिने धर्म, लगाउने पहिरनबारे जानकार रहन

४. प्राकृतिक प्रकोपसँग परिचित तथा होसियारी

५. बलेफी गाउँपालिकाको पर्यटकीय स्थलको चिनारी

६. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिमा परिचित

७. स्थानीय स्तरमा हुने आयआर्जनबारे जानकार

८. न्यूनतम दुई जडीबुटीको पहिचान तथा प्रयोग

९. सहकारी परिचय, सहकारीको चिनारी दिन

१० स्थानीय र राष्ट्रिय खेलहरुमा सहभागिता

११. व्यक्तिगत, पारिवारिक तथा कक्षागत सरसफाइ गरी आफ्नो ठाउँबाट निस्कने फोहोरको व्यवस्थापन बारे जानकारी रहन

१२. स्थानीय स्तरमा उत्पादन हुने कृषिजन्य वस्तुहरुसँग परिचित हुन

### १.२ कक्षा ४ देखि ५ को तहगत सक्षमता

१. बलेफी गाउँपालिकाको : परिचय, साँध सिमाना भौगोलिक तथा राजनैतिक बनावट, जातजाति, भाषाभाषी, धर्म, संस्कृति भेषभूषा र रहन सहन बारे जानकारी।

२. स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको पहिचान, उपयोग, संरक्षणमा जानकार।

३. बलेफी गाउँपालिकामा प्रयोग हुने पहिरन, बोलिने भाषा, मानिने धर्म, मनाइने चाडपर्वको संरक्षणका उपायहरुबारे जानकार

४. प्राकृतिक प्रकोपसँग परिचित र सुरक्षाका उपाय अबलम्वन।

५. बलेफी गाउँपालिकाको पर्यटकीय स्थलहरुको परिचय तथा त्यसको अवस्थाको पहिचान।

६. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिबाट हुने आयआर्जन।

७. स्थानीय स्तरमा गर्न सकिने आयआर्जनसँग परिचित तथा त्यसको आधुनिकरणको आवश्यकता र महत्व।

८. न्यूनतम कुनै चार जडीबुटीको पहिचान र प्रयोगबारेमा जानकार रहन

९. सहकारीको परिचय र महत्व ।

१०. स्थानीय तथा राष्ट्रिय खेलहरुसँग परिचय र अभ्यास ।

११. घर समुदाय, विद्यालयमा निस्कने फोहोरको वर्गीकरण गरी सरसफाइमा सरिक हुन ।

१२. स्थानीय स्तरमा उत्पादन हुने कृषिजन्य वस्तुहरुसँग परिचित भई त्यसको आधुनिकीकरण बारेमा जानकार

## १.३ कक्षा ६ देखि ८ का तहगत सक्षमता

१. स्थानीय तहको परिचय, क्षेत्रफल, साँध, सिमाना, भौगोलिक तथा राजनैतिक बनावट, जातजाति, हावापानी, मौसम, भाषा, धर्म, संस्कृति वेषभूषा, रहनसहन, जनसङ्ख्याको बनावट र शैक्षिक अवस्थाको जानकार

२. स्थानीय तहमा भएका प्राकृतिक स्रोत सम्पदाको पहिचान, संरक्षण र सम्बर्द्धन ।

३. बलेफी गाउँपालिका भित्र बसोबास गर्ने जातजाति, बोलिने भाषा, लगाईने वेसभूषा, मानिने चाडपर्व र धर्मको विशेषताबारे जानकार ।

४. प्राकृतिक प्रकोपसंगै परिचित भई सुरक्षाका उपायहरुको अबलम्बन ।

५. स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनबारे जानकार ।

६. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आयआर्जन एवम् जीवीकोपार्जन सम्बन्धमा जानकार ।

७. स्थानीय आयआर्जनसँग परिचित भई सोको महत्व फाइदा र आर्थिक आत्मनिर्भरताको बारेमा जानकार रहन

८. स्थानीय स्तरमा पाइने जडीबुटीहरुको पहिचान प्रयोग र प्रवर्द्धनमा सहभागिता

९. सहकारीको परिचय, महत्व र गठन प्रक्रियाका सम्बन्धमा जानकार

१०. स्थानीय र राष्ट्रिय खेलहरुसँग परिचित भई नियमानुसार प्रतिस्पर्धामा सहभागिता ।

११. आफू र आफू संलग्न संघसंस्था तथा सामाजिक परिवेशको फोहोरमैलाको वर्गीकरण गरि उचित व्यवस्थापन गर्न ।

१२. स्थानीय स्तरमा उत्पादन हुने कृषिजन्य वस्तुहरुसंग परिचित भई कृषिमा आधुनिकीकरणहरु र व्यवसायीकरणका बारे जानकार रहन ।

## ९. सिकाइ उपलब्धि

**कक्षा १ देखि ८ सम्मको सिकाइ उपलब्धिहरु निम्न तालिकामा उल्लेख गरिएको छ ।**

| क्रसं. | विषय क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| | बलेफी गाउँपालिका | आफ्नो गाउँ टोलको नाम, वडा नं. बताउन । | आफ्नो गाउँ टोलको नाम र सिमाना बताइ वडा नं. भन्न । | आफ्नो गाउँ टोल र वडाको सिमाना बताउन । | आफ्नो स्थानीय तह(बलेफी गाउँपालिकाको) नाम बताइ साँध सिमानामा जानकार रहन । | आफ्नो स्थानीय तह (बलेफी गाउँपालिकाको) नाम वडा सङ्ख्या तथा भौगोलिक अवस्थाबारे जानकार रहन । | आफ्नो स्थानीय तह(बलेफी गाउँपालिकाको) परिचय, क्षेत्रफल साँध सिमाना भौगोलिक तथा राजनैतिक बनावट, जातजाति हावापानी र मौसमबारे जानकार रहन । | आफ्नो स्थानीय तह (बलेफी गाउँपालिकाको) को परिचय, क्षेत्रफल, साँध सिमाना, भौगोलिक तथा राजनैतिक बनावट, जातजाति, हावापानी, मौसम, धर्म, संस्कृति, वेशभूषा र रहनसहन बारे जानकार रहन । | आफ्नो स्थानीय तह (बलेफी गाउँपालिकाको) परिचय, क्षेत्रफल, साँध सिमाना, भौगोलिक तथा राजनैतिक बनावट, जातजाति, हावापानी, मौसम, भाषा, धर्म, संस्कृति, भेषभूषा, रहनसहन, जनसंख्याबारे जानकार रहन । |
| | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | पानीको स्रोत, घाँस, दाउरा, काठको प्राप्ति स्रोत बताउन । | खानेपानी स्रोत/माध्यम, घाँस, दाउरा, काठको प्राप्तिको स्रोत र उपयोग बताउन । | प्राकृतिक सम्पदाको पहिचान, सदुपयोग गर्ने बानीको विकास गर्न । | स्थानीय प्राकृतिक स्रोत सम्पदाको पहिचान, उपयोग, संरक्षण मा जानकार रहन । | स्थानीय प्राकृतिक स्रोत सम्पदाको उपयोग, संरक्षण र सम्बर्द्धनमा जानकार रहन । | स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान, उपयोग, संरक्षण र संवर्द्धनमा जानकार रहन । | स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान, उपयोग, संरक्षण र संवर्द्धन उपायहरु बताउन । | स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोत र सम्पदाको पहिचान, उपयोग, संरक्षण र संवर्द्धनमा सहभागिता जनाउन । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय साँस्कृतिक मूल्य र मान्यता | आफ्नो भाषा, धर्म, पहिरनको नाम बताउन। | परिवारमा लगाउनेपहिरन, बोलिने भाषा, मानिने धर्म र मनाउने चाडपर्वका नाम बताउन। | आफ्नो गाउँ टोलमा प्रयोग हुने पहिरन, भाषा, धर्म र मनाउने चाडपर्वका नाम बताउन। | स्थानीय गाउँपालिकामा प्रयोग हुने पहिरन, भाषा, धर्म, मनाउने चाडपर्वको नाम बताउन। | आफ्नो स्थानीय तह गाउँपालिकामा प्रयोग हुने पहिरन, भाषा, धर्म, सम्प्रदाय बारे जानकार रहन। | बलेफी गाउँपालिका भित्र फरक फरक संस्कृति भएका जातजातिहरु बिचको सम्बन्धका बारेमा जानकार रही सहिष्णुता कायम गर्ने तरिकाहरु खोजी गर्न। | बलेफी गाउँ पालिका भित्र बसोबास गर्ने जातजाति, बोलिने भाषा लगाइने वेशभूषा, मानिने चाडपर्व र धर्मका विशेषताबारे जानकार रही विभिन्न साँस्कृतिक अभ्यासहरुमा सहभागिता जनाई गलत सामाजिक साँस्कृतिक संस्कार पहिचान गरी न्यूनीकरण गर्ने तरिकाहरु खोजी गर्न। | स्थानीय समुदायका मानिसहरुले अपनाउदै आएका चालचलन, चाडपर्व, रहनसहन, पहिरनको, महत्वबारे जानकार रही चालचलन तथा साँस्कृतिक पर्वहरुलाई मितव्ययीता तथा वैज्ञानिक बनाउने उपायहरु खोजी गरी साँस्कृतिक मूल्य मान्यताको संरक्षणका उपायहरु पत्ता लगाउन। |
| | स्थानीय प्रकोप तथा प्राकृतिक विपद जोखिम र त्यसको व्यवस्थापन | प्राकृतिक प्रकोपको नाम बताउन। | प्राकृतिक प्रकोपको नाम बताइ सुरक्षित रहने बानीको विकास गर्न। | प्राकृतिक सम्पदाको सदुपयोग गर्ने बानीको विकास गर्न। | प्राकृतिक प्रकोपसँग परिचित भई सुरक्षाकाउपायहरु बताउन। | प्राकृतिक प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु अबलम्वन गर्न। | प्राकृतिक प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु अवलम्बन गरी बताउन। | प्राकृतिक प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु अवलम्बन गरी न्यूनीकरणका उपायहरु बताउन। | प्राकृतिक प्रकोपसँग परिचित भई विपदको परिचय दिई सुरक्षाका उपायहरु बताउन। |
| | पर्यटन प्रर्वद्धन | आफ्नो टोल समुदायमा भएका पर्यटकीय स्थलको नाम बताउन। | स्थानीय पर्यटकीय क्षेत्र रहेको स्थान बताउन। | स्थानीय स्तरमा भएका पर्यटकीय क्षेत्रहरुको सूची बनाउन। | स्थानीय पर्यटकीय स्थलहरुको परिचय दिन। | स्थानीय पर्यटकीय क्षेत्रहरुको पहिचान तथा परिचय दिई वर्गीकरण गर्न। | स्थानीय स्तरको पर्यटकीय स्थलहरुको महत्व बताउन | स्थानीय पर्यटकीय स्थलहरुको संरक्षँणमा स्थानीयको भूमिका बताउन। | स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनबारे बताउन। |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय सिप, प्रविधि | स्थानीय स्तरमा प्रयोग हुने परम्परागत सामग्रीको नाम बताउन । | स्थानीय स्तरमा प्रयोग हुने परम्परागत सामग्रीको नाम र प्रयोजन बारे जानकार रहन । | स्थानीय स्तरमा प्रयोग हुने परम्परागत सामग्रीको नाम बताई प्रयोजन बारे जानकार रहन । | स्थानीय स्तरमा प्रयोग हुने परम्परागत तथा आधुनिक प्रविधिबाट आयआर्जन क्षेत्र पत्ता लगाउन । | स्थानीय स्तरमा प्रयोग हुने परम्परागत तथा आधुनिक सिप र प्रविधिबाट हुने आयआर्जन बारे परिचित हुन । | स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिको परिचय र महत्व बताउन । | स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आयआर्जनको क्षेत्रानुसारको तरिका बताउन । | स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आयआर्जन एवं जीविकोपार्जन सम्बन्धमा जानकार रहन । |
| | स्थानीय आयआर्जन | स्थानीय आयआर्जनको बारेमासामान्य जानकार रहन । | स्थानीय स्तरमा हुने आयआर्जनको बारेमा बताउन । | स्थानीय उत्पादित वस्तुहरु र त्यसको बारेमा संक्षिप्त जानकारी रहन । | स्थानीय आयआर्जनको बारेमा जानकार रही त्यसको महत्व र स्थानीय स्तरमा उत्पादन हुने कृषिजन्य वस्तुको उपभोगको फाइदा बताउन । | स्थानीय स्तरमा हुने आम्दानीको स्रोत बताई उत्पादित कृषिजन्य वस्तुको स्वस्थकर प्रयोगको बारे जानकार रहन । | आयआर्जनसँग परिचित भई त्यसको सम्भावित क्षेत्रको पहिचान गरी त्यसको फाइदा र सही प्रयोगको बारे जानकार रहन । | आयआर्जनसँग परिचित भई त्यसको सम्भावित क्षेत्र पहिचान गरी सो को फाइदा र आवश्यकता एवं आधुनिकीकरण को उपायहरु बताउन । | आयआर्जनसँग परिचित भई आयआर्जन गर्ने सिप तथा त्यसको आधुनिकीकरणको बारे जानकार रहन । |
| | स्थानीय जडीबुटी पहिचान तथा प्रयोग | वनस्पतिबाट औषधीको प्रयोजनबारे जानकार रहन । | कुनै एक जडीबुटीको पहिचान गरी काम बताउन । | कुनै दुई जडीबुटीको पहिचान गरी काम बताउन । | कुनै तीन जडीबुटीको पहिचान गरी काम बताउन । | चार जडीबुटीको पहिचान गरी काम बताई प्रयोग बारे जानकार रहन । | न्यूनतम पाँच जडीबुटीको पहिचान गरी प्रयोग गर्ने बारे जानकार रहन । | न्यूनतम ६ जडीबुटीको पहिचान प्रयोग र संरक्षण गर्ने बारे जानकार रहन । | कुनै सात जडीबुटीको पहिचान गरी प्रयोगमा सक्षम भइ उत्पादन र वितरण गरी व्यवसाय बन्न सक्ने कुरा बताउन । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय सहकारी तथा समूह परिचालन | आ-आफ्ना साथीहरुको समूहमा सहकार्य गर्न । | आफ्ना साथीहरुको समूहमा निर्माण गर्न । | सहकारीको चिनारी दिन । | कक्षागत समूह निर्माण गर्न । | आफ्नो समुदायमा भएका सहकारीको नाम बताउन । | सहकारीको परिचय दिन । | सहकारीको परिचय महत्व जानकार रहन । | सहकारीको परिचय महत्व र काम कर्तव्य प्रक्रियाका जानकार रहन । |
| | स्थानीय खेलकुद | स्थानीय स्तरमा खेलिने खेलका नाम बताउन । | टोल छिमेकमा विद्यायलमा खेलिने खेलका नाम बताउन, स्थानीय खेलहरुसँग जानकार रहन र अभ्यास गर्न | पिटी, ड्रिल, कवाजमा सहभागिता जनाउन र अभ्यास गर्न । | प्राथमिक उपचार, धबचक गउ भहभचअष्कभ, खेल खेल्दा पूर्व सावधानी । | स्थानीय खेलहरुसँग परिचित हुन र राष्ट्रिय खेलको नाम बताउन, दौड र रिले खेलको जानकारी र अभ्यास गर्न । | फिल्डमा खेलिने खेलहरुको बारे जानकार भई अभ्यास गर्न । | कबड्डी र मार्सल आर्ट सम्बन्धी सामान्य जानकार हुन र अभ्यास गर्न । | भलिवल र फुटवल सम्बन्धी जानकार रहन र अभ्यास गर्न । |
| | सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | व्यक्तिगत सरसफाइ गर्न र सरसफाइबाट निस्कने फोहोरको व्यवस्थापन बारे जानकार रहन | सरसफाइ गर्ने स्थानको पहिचान गरि सरसफाइबाट निस्कने फोहोरको व्यवस्थापनका विधिहरु बताउन | व्यक्तिगत, पारिवारिक तथा कक्षागत सरसफाइ गरि आफ्नो ठाउँबाट निस्केको फोहोरको व्यवस्थापन गर्न | घर समुदाय, विद्यालयमा निस्कने फोहोरको वर्गीकरण गर्न | घर समुदाय, विद्यालय बाट निस्केने फोहोरलाई पुन: प्रयोग गर्न मिल्ने र नमिल्ने छुटाई उपयोग गर्न | घर समुदाय, विद्यालय बाट निस्केने फोहोरलाई व्यवस्थापन गरि पुन: प्रयोगबाट हुने फाइदा बताउन | घर समुदाय, विद्यालय बाट निस्केने फोहोरलाई व्यवस्थापन गरि पुन: प्रयोगबाट हुने फाइदा, बेफाइदा र महत्व बारे जानकार रहन | आफू र आफु संलग्न सामाजिक परिवेशमा निस्कने फोहोर मैला व्यवस्थापनमा (कम्पोष्ट मल बनाइ त्यसको प्रयोगबारे जानकार रहन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय कृषि उत्पादन र महत्व | स्थानीय रुपमा उत्पादन हुने अन्नबाली, फलफूल , तरकारी, कृषिऔजार, घरमा पालिने जनावरको नाम बताउन | अन्नबालीको सामान्य परिचय दिई यसको प्रकार बताई पशुपन्छीबाट उपलब्ध हुने खाद्य तथा अन्य उपयोगी वस्तुको सूची तयार गर्न। | करेसाबारीको परिचय दिई पशुपन्छी पालनको आवश्यकता र महत्व बताउन। | तरकारी खेतीको परिचय आवश्यकता र महत्व बताउन। | फलफूल खेतीको सामान्य परिचय आवश्यकता र महत्व बताउन | तरकारी खेती पशुपालन फलफूल खेतीबाट आयआर्जनका उपायहरु बताई व्यवसायबारे जानकार रहन | कृषि तथा पशुपालनबाट जीविकोपार्जनको लागि गर्न सकिने स्थानीय पेशा पहिचान गरी कृषि तथा पशुपालनबाट उत्पादन भएका वस्तुको अवस्था महत्व र आवश्यकता बताउन | कृषिमा आधुनिकीकरण र व्यवसायीकरणको परिचय महत्व र आवश्यकता बताई कृषि तथा पशुपालन व्यवसायमा कृषकले भोग्नु परेका समस्या पहिचान गरी समाधानका उपायहरु बताउन |

# १० क्षेत्र र क्रम

**कक्षा १ देखि ८ सम्मको क्षेत्र र क्रम निम्न तालिकामा उल्लेख गरिए को छ।**

| क्र.स. | क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बलेफी गाउँपालिका | १. आफ्नो टोलको नाम<br>२. आफ्नो गाउँको नाम<br>३. आफ्नो वडा नं./वडाको नाम: | १. आफ्नो टोल र गाउँको नाम<br>२. आफ्नो वडा नं. वडाको नाम<br>३. आफ्नो गाउँको सिमाना | १. आफ्नो टोल, गाउँको सिमाना<br>२. आफ्नो वडाको सिमाना | १. आफ्नो गाउँपालिकाको नाम<br>२. आफ्नो गाउँपालिकाको सिमाना<br>३. आफ्नो गाउँपालिकाको भौगोलिक बनावट | १. आफ्नो गाउँपालिकाको नाम<br>२. आफ्नो गाउँपालिकाको वडा संख्या<br>३. आफ्नो गाउँपालिकाको भौगोलिक अवस्था | १. स्थानीय तह - बलेफी गा.पा.को परिचय, क्षेत्रफल, साँध सिमाना)<br>२. भौगोलिक वनावट<br>३. राजनैतिक विभाजन<br>४. जातजाति, हावापानी, मौसम | १. स्थानीय तह (बलेफी गा.पा.को परिचय, क्षेत्रफल, सिमाना, भौगोलिक तथा राजनीतिक बनावट<br>२. जातजाति, भाषा, धर्म, संस्कृति, भेषभूषा, रहनसहन<br>३. हावापानी, मौसम | १. स्थानीय तह (बलेफी गा.पा.को परिचय, क्षेत्रफल, सिमाना, भौगोलिक तथा राजनैतिक बनावट<br>२. हावापानी, मौसम जातजाति<br>३. भाषा, धर्म, संस्कृति, भेषभूषा, चाडपर्व रहनसहन |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | आफ्नो घर तथा विद्यालयमा प्रयोग हुने पानीका स्रोतहरुको नाम,<br>२. आफ्नो वरपरको वनस्पति र जीवजन्तुको नाम,<br>३. आफ्नो घर र विद्यालय वरिपरिका स्थानीय नदी, खोला , पोखरी, वनजङ्गल,जमिनको चिनारी/ पहिचान । | १. आफ्नो वरपर भएका पानीको स्रोतको माध्यम<br>२. आफ्नो वरपरको वातावरणबाट प्राप्त स्रोत र साधनको उपयोग<br>३. आफ्नो वरपरकोवनस्पति र जीवजन्तुहरुको पहिचान (आफ्नो वरपरका प्राकृतिक स्रोत साधन, वनस्पति र जीवजन्तुहरु चिन्न) | १. पानीका स्रोतहरुको संरक्षणका उपायहरु<br>२. जीवजन्तु, वनस्पति र मानिस बिचको सम्बन्धसँग परिचित,<br>३. आफ्नो वडामा उपलब्ध प्राकृतिक स्रोत साधन (जल, जमिन, जङ्गन, खोला, नदी, पाखा, पहाड, खेतबारी आदि) को पहिचान,<br>४. आफ्नो वनजङ्गलबाट प्राप्त हुने वस्तुहरुको प्रयोग तथा उपयोगिता | १. पानीको स्रोतबाट हुने फाइदा।<br>२. बलेफी गाउँपालिका भएर बग्ने प्रमुख नदीहरु, खोला, ताल, पोखरी, वनजङ्गलको सामान्य परिचय ,<br>३. बोट बिरुवा र जीव जनावरको संरक्षणको उपाय<br>४. प्राकृतिक वातावरण संरक्षणका उपायहरु | १. पानीको स्रोतहरुको परिचय र अवस्था<br>२. बलेफी गाउँपालिकाको प्राकृतिक स्वरुप, जल, जमिन, जङ्गल, पहाड र बेसीको परिचय<br>३. स्थानीय प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धन । | १.स्थानीय प्राकृतिक स्रोत र सम्पदाको नाम र स्थान<br>२. प्राकृतिक स्रोत र सम्पदाको संरक्षणका उपायहरु<br>३. स्थानीय प्राकृतिक स्रोत र सम्पदाको महत्व र फाइदा | १. प्राकृतिक र मानव निर्मित वातावरणको परिचय र महत्व<br>२. बलेफी गाउँपालिकामा पाइने जीवजन्तु र वनस्पतिको पहिचान र संरक्षण<br>३. प्राकृतिक स्रोत तथा सम्पदाको वर्गीकरण र महत्व । | १. प्राकृतिक र मानव निर्मित वातावरणको अन्तरसम्बन्ध<br>२. बलेफी गाउँपालिकाको प्राकृतिक स्रोत तथा सम्पदाको पहिचान र विवेकशील प्रयोग (जल, जङ्गल, जमिन,जडीबुटी आदि)<br>३. आफ्नो वरपरको वातावरण संरक्षणमा क्रियाशील, |
| ३ | स्थानीय सांस्कृतिक मूल्य र मान्यता | १ विद्यार्थीले बोलिने भाषा<br>२ विद्यार्थीले मनाउने चाडपर्व<br>३ विद्यार्थीले लगाउने पहिरनको नाम | १ परिवारका सदस्यहरुलेबोलिने भाषा<br>२ परिवारको सदस्यहरुलेमानिने धर्मको नाम<br>३ परिवारका सदस्यहरुको पहिरनको नाम | १ घर वा समुदायमा बोलिने भाषा<br>२ घर वा समुदायमा मनाइने चाडपर्व र मानिने धर्मको नाम<br>३ घर वा समुदायका व्यक्तिहरुले लगाउने पहिरनको नाम | १ बलेफी गाउँपालिका भित्र बोलिने भाषा<br>२ बलेफी गाउँपालिका भित्र मानिने धर्म र चाडपर्व<br>३ बलेफी गाउँपालिकामा बसोबास गर्ने व्यक्तिले लगाइने पहिरनको नाम | १ बलेफी गाउँपालिका भित्र प्रयोग हुने भाषा<br>२ बलेफी गाउँपालिकामा जातिगत चालचलन मनाइने चाडपर्व र धर्मका संरक्षणका उपायहरु<br>३ बलेफी गाउँपालिकामा प्रयोग हुने पहिरनको संरक्षण | १ बलेफी गाउँपालिका भित्रका जातजाति बोलिने भाषको पहिचान<br>२ फरक जाति संस्कृति भएका मानिस बिच सहिष्णुता कायम<br>३. सहिष्णुताका तरिकाहरु | १ स्थानीय तहमा मनाइने धर्म संस्कृति रहनसहन र पहिरनको विशेषता<br>२ गलत सामाजिक तथा साँस्कृतिक अभ्यास<br>३ गलत सामाजिक तथा साँस्कृतिक अभ्यासलाई न्यून गर्ने तरिका | १ धर्म चाडपर्व पहिरणको मितव्ययिता तथा वैज्ञानिक विधि<br>२ स्थानीय सांस्कृतिक मूल्य मान्यताले समाजमा पुऱ्याएका फाइदा<br>३ सास्कृतिक मूल्य मान्यताका संरक्षणका उपायहरु |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय प्रकोप तथा प्राकृतिक विपद जोखिम र त्यसको व्यवस्थापन | बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना | १.बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी,भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटनाको<br>२. बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी,भूकम्प, महामारी, असिनाक, जङ्गली जनावर आक्रमण आदिको नक्कल | स्थानीय परिचय तथा बच्ने उपायहरु बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, सडक दुर्घटनाको<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण आदिको नक्कल,<br>२. विगतका वास्तविक घटनाहरु प्रस्तुत | १.स्थानीय परिचय तथा बच्ने उपायहरु, प्रकोपका मानवीय र वातावरणीय कारण (बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना)<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण नक्कल,<br>३. विगतका वास्तविक घटनाहरु पस्तुत<br>४ प्रत्येक प्रकोपपछि आफू बच्ने उपाय प्रकोप सम्भाव्यता घटाउने उपाय बताउन | १. स्थानीय परिचय तथा बच्ने उपायहरु, प्रकोपका मानवीय र वातावरणीय कारण (बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना)<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, हागलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण आदिको नक्कल<br>३. विगतका वास्तविक घटनाहरु पस्तुत<br>४ प्रत्येक प्रकोप पछि आफू बच्ने उपाय प्रकोप सम्भाव्यता घटाउने उपाय<br>५. प्रकोप सम्भावित स्थान क्षेत्र बताउन।<br>६. पहिरो लडिरहने ठाउँ, अत्यन्त ठाडो भिर बाढी आउने खोलो, बतासले भाँच्ने रुख, बतासले उडाउने छानो, चट्याङ समाउने दब्ने चिज (अर्थिङ), आगलागीको कारण कसरी भिर, पत्कर, घाँस, पराल, वनभोज, चुरोट खाने, जन्तु मार्ने शिकारी, जंगलको प्रयोग आदि | १. स्थानीय परिचय तथा बच्ने उपायहरु, प्रकोपका मानवीय र वातावरणीय कारण (बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना)<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण आदिको नक्कल<br>३. विगतका वास्तविक घटनाहरु प्रस्तुत<br>४ प्रत्येक प्रकोपपछि आफू बच्ने उपाय प्रकोप सम्भाव्यता घटाउने उपाय<br>५. प्रकोप सम्भावित स्थान क्षेत्र बताउन।<br>६. पहिरो लडिरहने ठाउँ, अत्यन्त ठाडो भिर बाढी आउने खोलो, बतासले भाँच्ने रुख, बतासले उडाउने छानो, चट्याङ समाउने दब्ने चिज (अर्थिङ), आगलागीको कारण कसरी भिर, पत्कर, घाँस, पराल, वनभोज , चुरोट खाने, जन्तु मार्ने शिकारी, जंगलको प्रयोग आदि<br>७. जंगली जन्तुसँगको व्यवहार<br>८. रोगसँगको सतर्कता<br>९.विपद जोखिम न्यूनिकरण योजना | १. स्थानीय परिचय तथा बच्ने उपायहरु, प्रकोपका मानवीय र वातावरणीय कारण (बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना)<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण आदिको नक्कल<br>३. विगतका वास्तविक घटनाहरु प्रस्तुत<br>४ प्रत्येक प्रकोप पछि आफू बच्ने उपाय प्रकोप सम्भाव्यता घटाउने उपाय<br>५. प्रकोप सम्भावित स्थान क्षेत्र बताउन।<br>६. पहिरो लडिरहने ठाउँ, अत्यन्त ठाडो भिर बाढी आउने खोलो, बतासले भाँच्ने रुख, बतासले उडाउने छानो, चट्याङ समाउने दब्ने चिज (अर्थिङ), आगलागीको कारण कसरी भिर, पत्कर, घाँस, पराल, वनभोज , चुरोट खाने, जन्तु मार्ने शिकारी, जंगलको प्रयोग आदि<br>७. जङ्गली जनावरसँगको व्यवहार<br>८. रोगसँगको सतर्कता<br>९. विपद जोखिम न्यूनीकरण योजना<br>१०. विपद जोखिम न्यूनीकरण योजना<br>११. विपद पूर्व, विपदमा, विपद पश्चात | १. स्थानीय परिचय तथा बच्ने उपायहरु, प्रकोपका मानवीय र वातावरणीय कारण (बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण, दुर्घटना)<br>२ बाढी, पहिरो, हुरीबतास, चट्याङ, आगलागी, भूकम्प, महामारी, असिना, जङ्गली जनावर आक्रमण आदिको नक्कल<br>३. विगतका वास्तविक घटनाहरु प्रस्तुत<br>४ प्रत्येक प्रकोपपछि आफू बच्ने उपाय प्रकोप सम्भाव्यता घटाउने उपाय<br>५. प्रकोप सम्भावित स्थान क्षेत्र बताउन।<br>६. पहिरो लडिरहने ठाउँ, अत्यन्त ठाडो भिर बाढी आउने खोलो, बतासले भाँच्ने रुख , बतासले उडाउने छानो , चट्याङ समाउने दब्ने चिज (अर्थिङ), आगलागीको कारण कसरी भिर, पत्कर, घाँस, पराल, वनभोज , चुरोट खाने, जन्तु मार्ने शिकारी, जङ्गलको प्रयोग आदि<br>७. जङ्गली जन्तुसँगको व्यवहार<br>८. रोगसँगको सतर्कता<br>९. विपद जोखिम न्यूनीकरण योजना<br>१०. विपद जोखिम न्यूनीकरण योजना<br>११. विपद पूर्व विपदमा, विपद पश्चात<br>१२. प्रकोप पात्रो<br>१३. प्रकोप सम्भावित नक्सा<br>१४. परिवार योजना<br>१५. विद्यालय योजना<br>१६. विपद् पश्चात सुरक्षित हुने योजना |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | पर्यटन | १. आफ्नो विद्यालय समुदायमा रहेका मुख्य घुम्ने स्थानहरुको नाम<br>२. पर्यटकको परिचय<br>३. वरपरका स्थलहरुको भ्रमण | १. आफ्नो विद्यालय समुदायमा रहेका मुख्य पर्यटकीय स्थानहरुको सूची<br>२. पर्यटकको परिचय<br>३. समूहमा अवलोकन भ्रमण | १. आफ्नो वडा भित्रका मुख्य पर्यटकीय क्षेत्रको परिचय<br>२. पर्यटनको महत्व, उद्देश्य र योजनाका आधारमा भ्रमण र त्यसको प्रतिक्रिया | १. आफ्नो वडा भित्रका मुख्य पर्यटकीय क्षेत्रको परिचय<br>२. आन्तरिक र वाह्य पर्यटकको परिचय<br>३. पर्यटकीय स्थलको प्रचारप्रसारमा सहयोग | १. बलेफी गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको पहिचान र परिचय<br>२. पर्यटकीय क्षेत्रहरुको वर्गीकरण।<br>३. आन्तरिक र बाह्य पर्यटनको महत्व | १. स्थानीय स्तरका पर्यटकीय स्थलहरुको महत्व<br>२. अतिथि संस्कारको जानकार<br>३. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको संरक्षण<br>४. होम स्टेको परिचय | १. स्थानीय स्तरका पर्यटकीय स्थलहरुको संरक्षणका उपाय<br>२. स्थानीय स्तरका पर्यटकीय स्थलहरुको संरक्षणमा स्थानियको भूमिका<br>३. होमस्टेको उपयोगिता | १. स्थानीय पर्यटकीय क्षेत्रको संरक्षण प्रवर्द्धन<br>२. आन्तरिक र बाह्य पर्यटनको लागि स्थानीय तहको भूमिका<br>३. होमस्टेको महत्व , सम्भावना |
| ६ | स्थानीय सिप तथा प्रविधि | १. आफ्नो समुदायमा प्रयोग हुने कुनै स्थानीय प्रविधिद्वारा निर्मित सामानको नाम<br>२. आफ्नो समुदायमा प्रयोग हुने प्रचलित आधुनिक सामानको नाम<br>३. स्थानीय व्यक्तिको सिपबाट बनेका सामानको चिनारी | १. आफ्नो समुदायमा प्रयोग हुने स्थानीय प्रविधिद्वारा निर्मित सामानको प्रयोजन<br>२. आफ्नो समुदायमा प्रयोग हुने प्रचलित सामानको प्रयोजन<br>३. स्थानीय सिपबाट निर्मित सामानको प्रयोग | १. बलेफी गाउँपालिकामा प्रयोग हुने स्थानीय प्रविधिद्वारा निर्मित परम्परागत सामग्रीको नाम<br>२. आधुनिक र परम्परागत सामग्रीको प्रयोग हुने क्षेत्र<br>३. बलेफी गाउँपालिकाभित्र स्थानीय सिपबाट निर्मित सामानको महत्व | १. स्थानीय स्तरमा प्रयोग स्थानीय प्रविधिद्वारा निर्मित सामानको परिचय (ढिकी, जाँतो, दुना, टपरी, घट्ट)<br>२. स्थानीय स्तरमा प्रयोग भएका आधुनिक प्रविधिको सामान्य परिचय (ट्याक्टर, मेल)<br>३. स्थानीय प्रविधिद्वारा निर्मित सामग्रीको प्रयोगबाट हुने आय आर्जनका क्षेत्र | १. स्थानीय स्तरमा प्रयोगमा आउने सामान्य उपकरणको परिचय र प्रयोग<br>२. स्थानीय कृषि औजारको नाम<br>३. स्थानीय स्तरमा प्रविधिको प्रयोगबाट हुने आय आर्जनको महत्व | १. स्थानीय प्रविधिको परिचय र महत्व<br>२. स्थानीय सिप विकासमा आधुनिकीकरणका आवश्यकता<br>३. स्थानीय सिपमा आधुनिकीकरणका उपायहरु | १. परम्परागत तथा आधुनिक प्रविधिको अन्तर सम्बन्ध<br>२. परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आय आर्जनका तरिका<br>३. दैनिक प्रयोगका उपकरणहरुको सुरक्षित प्रयोग | १. स्थानीय ज्ञान र प्रविधिको परिचय महत्व<br>२. परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आय आर्जनका फाइदा<br>३. परम्परागत प्रविधिको विकास (घट्ट-मील हलो-ट्याक्टर) |
| ७ | स्थानीय आय आर्जन | आय आर्जनको सामन्य परिचय अर्न्तगत अन्न बाली तरकारी खेतीको बारे सामान्य जानकारी | स्थानीय स्तरमा उपलब्ध हुने आय आर्जनको स्रोतहरु अन्न बाली पशुपालन फुलफल खेती | स्थानीय कृषिजन्य वस्तुको उपभोग (पत्रु खाना निशेध) | आय आर्जनको आवश्यकता र महत्व स्थानीय कृषिजन्य वस्तुको उपभोगको फाइदा | आम्दानी, खर्च र वचतको जानकारी भई स्थानीय स्तरमा उत्पादन हुने कृषिजन्य वस्तुको स्वस्थकर प्रयोग | स्थानीय स्तरमा आम्दानी गर्न सकिने आय आर्जनको सम्भाव्य क्षेत्रहरु (कृषि, पशुपालन,व्यापार, घरेलु उद्योग) | आय आर्जनको सदुपयोग र आर्थिक मितव्ययिता स्थानीय स्तरमा कृषिमा आधुनिकीकरणको उपायहरु आवश्यकता र महत्व | आय आर्जनको सिपहरु र आर्थिक आत्मनिर्भरताका उपायहरुमा जानकार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जडीबुटी पहिचान र प्रयोग | वनस्पति (झारपात) पनि सिधै वा प्रशोधित भएर औषधि | घिउकुमारी पहिचान र प्रयोग | घिउकुमारी र तुलसी को पहिचान र प्रयोग | घिउकुमारी, तुलसी र बोझोको पहिचान र प्रयोग | घिउकुमारी, तुलसी र बोझो र कालिसिन्कोको पहिचान र प्रयोग | घिउकुमारी, तुलसी र बोझो र कालिसिन्को र भाँगीराजको पहिचान, संरक्षण र प्रयोग | घिउकुमारी, तुलसी र बोझो र कालिसिन्को, भौगीराज र आँकको पहिचान, संरक्षण र प्रयोग | घिउकुमारी, तुलसी र बोझो र कालिसिन्को, भाँगीराज आंक र लालिगुरास को पहिचान, महत्व, उत्पादन, वितरण र व्यवसाय विकास<br>नोट: बाली, विरुवा, अन्न भण्डारणमा प्रयोग गरिने जैविक विषादी वनाउन सकिने(तितेपाती, असुरो, अंगेरी, आरु) |
| ९ | स्थानीय सहकारी तथा समूह परिचालन | १. समूहको चिनारी | १. समूह विभाजन | १. समूहमा गरिने क्रियाकलाप | १. समूहको अवधारणा र आवश्यकता | १. सहकारीको अवधारणा र परिचय | १. सहकारीको परिचय<br>२. स्थानीय स्तरमा सञ्चालित सहकारीको नाम र किसिम | १. सहकारीको महत्व<br>२. सहकारीले स्थानीय स्तरमा पारेको प्रभाव | १. सहकारीको आवश्यकता र महत्व<br>२. सहकारीले स्थानीय स्तरमा पारेको प्रभाव |
| १० | स्थानीय खेलकुद | स्थानीय स्तरमा खेलिने एउटा स्थानीय खेलको परिचय र अभ्यास | स्थानीय स्तरमा खेलिने कुनै ३ वटा खेलको परिचय र अभ्यास | पि.टि.,ड्रिल, कवाज सम्बन्धि जानकारी र अभ्यास | खेलकुदको महत्व वाम अप ९ँबचअष्कभ० खेल खेल्दा अपनाउनु पर्ने पूर्व सावधानी प्राथमिक उपचार | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्बन्धी जानकारी र ट्र्याकमा खेलिने खेलको अभ्यास | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा फिल्डमा खेलिने खेलहरुको जानकारी, नियम र अभ्यास | राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा प्रतिस्पर्धा हुने कबड्डी, मार्सल आर्ट सम्बन्धी जानकारी नियम र अभ्यास | भलिबल र फुटबल खेल सम्बन्धी नियम, अभ्यास र प्रतिस्पर्धा |
| ११ | सरसफाइ तथा फोहोरमैला व्यवस्थापन | व्यक्तिगत सरसफाइ फोहोर व्यवस्थापन | घर आँगन सरसफाइ, कक्षा कोठा सरसफाइ | १. व्यक्तिगत पारिवारिक तथा कक्षागत सरसफाइ सरसफाइ व्यवस्थापन | १.कुहिने र नकुहिने फोहोर | १. पुन: प्रयोगको वर्गीकरण,<br>स्थानीय पुन: प्रयोग, औद्योगिकरण | १. पुन: प्रयोगको अवस्था, स्थानीय २. पुन: प्रयोगबाट फाइदा, ३. औद्योगिकरण का फाइदा | १. पुन: प्रयोगको फाइदा, बेफाइदा, महत्व | १. फोहोरमैला व्यवस्थापन<br>२. कम्पोष्टमलको निर्माण<br>३. कम्पोष्टमलको प्रयोग<br>४. औद्योगीकीकरणको लागि फोहोरलाई कच्चा पदार्थको रुपमा निकास |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | स्थानीय कृषि उत्पादन र महत्व | १. घर समुदायमा उत्पादन हुने अन्न वालीको नाम<br>२. घरपालुवा जनावरको नाम<br>३. तरकारी बाली र फलफूलको नाम<br>४. कृषि औजारको नाम | १. अन्न वालीको परिचय र प्रकार<br>२. पशुपन्छी पशुपालनबाट उपलब्ध हुने खाद्य तथा उपयोगी वस्तुहरु<br>३. कृषि औजारको प्रयोगहरु | १.करेसाबारीको परिचय<br>२. पशुपालनको आवश्यकता<br>३ पशुपालनको महत्व | १.गाउँपालिकाभित्र उत्पादन हुने तरकारी खेतीको परिचय<br>२. तरकारी खेतीको आवश्यकता<br>३. तरकारी खेतीको महत्व | १. फलफूल खेतीको परिचय<br>२. फलफूल खेतीको आवश्यकता<br>३. फलफूल खेतीको महत्व | १. तरकारी पशुपालन फलफूल खेतीबाट आयआर्जनको स्रोत पहिचान<br>२. तरकारी पशुपालन फलफूल खेतीका व्यवसायबाट हुने फाइदा<br>३. कृषि तथा पशुपालनमा आधुनिकीरणका उपाय | १. कृषि तथा पशुपालन व्यवसायको परिचय<br>२. कृषि तथा पशुपालनबाट उत्पादन भएका वस्तुहरुको अवस्था<br>३. कृषि र पशुपालन व्यवसायको आवश्यकता र महत्व | १ कृषिमा आधुनिकीकरणको परिचय<br>२ आधुनिकीकरणको महत्व र आवश्यकता<br>३ कृषकले भोग्नु परेको समस्या<br>४ कृषकले भोग्नु परेको समस्या समाधानका उपायहरु |

## ११. विषयवस्तुको विस्तृतीकरण

**यस खण्डमा बालबालिकाहरुले हासिल गर्ने सिकाइ उपलब्धि, विषयवस्तु, सम्भाव्य शिक्षण सिकाइ प्रक्रिया, क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया प्रस्तुत गरिएको छ। कक्षा १ देखि ८ सम्मको क्षेत्र र क्रम निम्न तालिकामा उल्लेख गरिएको छ।**

### कक्षा १

| क्र.स. | क्षेत्र एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | बलेफी गाउँपालिका | १. आफ्नो गाउँ टोलको नाम बताउन, वडा नं. बताउन | गाउँटोलको नाम | १. आफू बसेको टोलको नाम<br>२. आफू बसोबास गरेको गाउँको नाम<br>३. आफू बसोबास गरेको वडा नं. /वडाको नाम | १ शिक्षकले आफ्नो परिचय दिँदा आफू बसोबास गरेको टोल गाउँ र वडाको नाम बताउने र विद्यार्थीलाई पनि बताउन लगाउने<br>२. वडाको नक्सा चित्र प्रदर्शन गरी छलफल गर्ने। | विद्यार्थीलाई आफ्नो टोलको नाम भन्न लगाउने | २० |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | १. पानीको स्रोतको नाम बताउन<br>२ वनस्पति र जीवजन्तुको नाम बताउन<br>३ स्थानीय नदी खोला पोखरी वनजङ्गल जमिनको चिनारी | वनस्पति जीवजन्तु नदी खोला जङ्गल जमिन | १ घर, विद्यालय र समुदायमा प्रयोग हुने पानीको स्रोत (मूल, धारा, खोला, कुवा,आदि)<br>२. वनस्पतिको नाम (चिलाउने, बडहर, कुट्मिरो, खन्यू आदि<br>३. जिवजन्तुको नाम (बाँदर, बदेल, मृग, बाघ) आदि<br>४. नदी खोला पोखरी वनजङ्गल जमिनको अवलोकन | १ विद्यार्थीहरूलाई पानीका स्रोतहरु मूल,धारा, खोला, आदिको प्रत्यक्ष अवलोकन गराएर छलफल गर्ने।<br>२. विद्यार्थीहरूसँग आफ्नो घर वरपर रहेका वनस्पति र वन्यजन्तुको बारेमा छलफल गरी तिनका नाम बताउन सक्ने बनाउने।<br>३. कक्षाका सवै विद्यार्थीहरूसँग आफ्नो घरवरिपरि रहेका नदी खोला पोखरी आदिको चित्र वा भिडियो आदिबाट छलफल गर्ने | विद्यार्थीहरूको घर वरपर रहेका पानीका स्रोतहरुको नाम वन्यजन्तु वनस्पतिको नाम बताउन लगाउने | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय सांस्कृतिक मूल्य र मान्यता | १. आफ्नो भाषा, धर्म, चाडपर्व र पहिरनको नाम बताउन<br>२. आफूले बोलिने भाषा बताउन | भाषा<br>धर्म<br>पहिरन | १. आफ्नो भाषा (तामाङ, नेवारी, नेपाली आदि)<br>२. आफूले मानिने धर्म (हिन्दु, बौद्ध, इसाई आदि)<br>३.आफूले मनाईने चाडपर्व (दशैँ, तिहार, छठ, क्रिसमस, इद आदि)<br>४. आफूले लगाउने पहिरन (सट, फरक, घाँगर, जामा, भोटो आदि) | १. विद्यार्थीहरू बिच कुन-कुन जातजातिका हुन र कुन भाषा बोल्छन् भनेर विद्यार्थी बिच छलफल तथा प्रश्नोत्तर गरी स्थानीय जातजातिले बोलिने भाषाको बारेमा सामान्य जानकारी गराउने ।<br>२. विद्यार्थीले मान्ने खालको धर्मका विभिन्न क्रियाकलापको गरिएको चित्र वा भिडियो प्रस्तुत गरी आफूले मान्ने धर्मको बारे बताउन लगाई छलफल गर्ने ।<br>३. विद्यार्थीले लगाउने पहिरनको बारेमा शैक्षिक सामग्री (चित्र वा नमुना) सहित छलफल गरी परम्परागत पहिरनको सूची निर्माण गराउँदै आफ्नो परम्परागत पहिरन प्रयोग गर्न प्रोत्साहन गर्ने ।<br>४. विभिन्न चाडपर्व मनाएको चित्रहरु प्रस्तुत गरी आफूले मनाउने चाडपर्व बताउन लगाई छलफल गर्ने । | १. विभिन्न प्रश्नहरु सोध्ने जस्तै:<br>(क) तिमीले वोल्ने भाषा के हो ?<br>(ख) तिमीले मान्ने धर्मको नाम के हो ?<br>(ग) तिमीले लगाउने तिन पहिरनको नाम भन ।<br>(घ) तिमीले मनाउने दुई चाडपर्वको नाम भन । | १० |
| ११ | सरसफाइ तथा फोहोर मैला व्यवस्थापन | घर समुदाय कक्षाकोठा विद्यालयहरुबाट निस्केका फोहोरलाई पुन: प्रयोग गर्न मिल्ने र नमिल्ने छुट्याई उपयोग गर्न | पुन: प्रयोग र उपयोग गर्ने तरिका | १. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरी घर समुदाय वा विद्यालयमा निस्केका फोहोरको वर्गिकरण गर्न लागाउने र उक्त फाहोरलाई पुन: प्रयोग गर्न मिल्ने र नमिल्ने वर्गिकरण गर्न लगाई स्थानीय स्तरमा पुन प्रयोग गर्न मिल्ने कुन कुन हुन भनी छलफल गराउने र स्थानीय स्तरमा पुन : प्रयोग गर्न नमिल्ने फोहोरलाई औद्योगीकरणबाट पुन प्रयोग हुने सामानहरुको सूची बनाउन लगाइ छलफल गर्ने। | १. पुन : प्रयोग गर्न मिल्ने फाहोरहरुको सूची बनाई औद्योगीकरण गर्न मिल्ने फोहोरको सूची बनाउन लगाउने | ८ |
| १२ | स्थानीय कृषि उत्पादन र महत्व | फलफूल खेतीको सामान्य परिचय दिन<br>फलफूल खेतीको आवश्यकता बताउन<br>फलफूल खेतीको महत्व बताउन | फलफूल | १. विद्यार्थीले उपयोग गरेका फलफूलको सूची बनाई चित्र वा प्रत्यक्ष प्रर्दशन गरी फलफूल र फलफूल खेतीको अवधारण प्रस्ट पारिदिने र फलफूलको उपयोगबाट फलफूल खेतीबाट हुने फाइदा बताई फलफूल खेतीका विभिन्न चित्र प्रस्तुत गराइदिने। | घरमा उत्पादन भएका फलफूल खेतीको सामान्य परिचय दिन लगाई त्यसको आवश्यकता र महत्व बताउन लगाउने | ८ |

## कक्षा ६

| क्र.स. | क्षेत्र एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह बलेफी गाउँपालिका | १ बलेफी गाउँपालिकाको परिचय, क्षेत्रफल, सिमाना,भौगोलिक तथा राजनितिक बनावट हावापानी र मौसम बारे जानकार रहन | परिचय, क्षेत्रफल, सिमाना, भौगोलिक तथा राजनितिक अवस्था | १. बलेफी गाउँपालिकाको नामाकरण<br>२. बलेफी गाउँपालिकाको क्षेत्रफल ६१.६२ वर्ग किलोमिटर<br>३. बलेफी गाउँपालिकाको साँध सिमाना (पूर्व त्रिपुरासुन्दरी गाउँपालिका र सुनकोशी गाउँपालिका, पश्चिम जुगल गाउँपालिका, उत्तर बाह्रविसे नगरपालिका, दक्षिण चौतारा साँगाचोकगढी नगरपालिका)<br>४. भौगोलिक तथा राजनैतिक बनावट। | १. बलेफी गाउँपालिकाको नक्सामा बलेफी बजार बलेफीको भूगोल देखाई बलेफी नामकरण कसरी गरिएको छलफलबाट बताउने<br>२. सुनकोशी गा.पा, जुगल गा.पा. र बाह्रविसे न.पा. सँग सिमाना जोडिएको नक्साद्वारा बताउने<br>३. बलेफी गाउँपालिकाको भौगोलिक तथा राजनैतिक बनावटबारे छलफल गराउने। | १. बलेफी गाउँपालिकाको क्षेत्रफल सिमाना टिपोट गर्न लगाउने<br>२. बलेफी गाउँपालिकाको राजनैतिक बनावट हावापानी र मौसमबारे टिपोट गर्न लगाउने | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | १ प्राकृतिक स्रोत र सम्पदा संरक्षणका उपायहरु बताउन प्राकृतिक स्रोत तथा सम्पदाबाट हुनेफाइदा स्थानीय प्राकृतिक स्रोत तथा सम्पदाको महत्व | १ प्राकृतिक स्रोत र सम्पदा | १ गाउँपालिका भित्रको प्रमुख प्राकृतिक स्रोत साधानहरुको परिचय (जल जमिन जङ्गल आदि )<br>२ प्राकृतिक स्रोत र सम्पदाका संरक्षणका उपायहरु<br>३ प्राकृतिक स्रोत तथा सम्पदाबाट हुने फाइदा (वनजङ्गलबाट (घाँस दाउरा काठ) आदि (पानीबाट पिउन सिंचाइ गर्न विद्युत उत्पादन) आदि जमिनमा (घर बनाउन खेती गर्न उद्योगधन्दा खोल्न हिडडुल गर्न) आदि<br>स्थानीय प्राकृतिक स्रोत र सम्पदाको महत्व गाउँपालिकाभित्र रहेका सम्पदाहरु : धार्मिक, सास्कृतिक, ऐतिहासिक र प्राकृतिक मन्दिर, गुम्वा आदि)<br>देउसी भैलो आदि वनजङ्गल, पहाड, नदी आदि। | १. बलेफी गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोत साधन (जल,जङ्गल, जमिन, जडिबुटी) बारे परियोजना कार्य दिएर सहजीकरण गर्ने<br>२. प्राकृतिक स्रोत  सम्पदाका संरक्षणका उपायहरुका बारेमा छलफल गराउने<br>३. आफ्नो पालिकामा भएका प्राकृतिक स्रोतहरु के-के कामका लागि प्रयोग हुन्छन् भनी छलफल गरेर तिनको महत्व र उपयोगिता बारे अवगत गराउने<br>४. गाउँपालिका भित्रका प्रमुख सम्पदाहरुको क्षेत्र भ्रमण गराएर तिनको महत्वबारे स्पष्ट पारिदिने | प्राकृतिक स्रोत तथा सम्पदाका संरक्षणका उपायहरु बताउन लगाउने प्राकृतिक<br>स्रोत तथा सम्पदाको महत्व र फाइदाहरुबारे प्रश्नउत्तर गर्ने। | १३ |
| ३ | स्थानीय सांस्कृतिक मूल्य र मान्यता | बलेफी गाउँपालिका भित्र फरक फरक जातजातिका धर्म, पहिरन, र चाडपर्वका सम्बन्धका बारेमा जानकार रही सहिष्णुता कायम गर्ने तरिकाहरु खोजी गर्नु। | जातिगत धर्म एवम् संस्कृति | १. बलेफी गाउँपालिका भित्रका मानिसहरुको जातिगत विविधताका आधारमा बोलिने भाषाको पहिचान<br>२. फरक-फरक धर्म एवम संस्कृति भएका जातजातिहरु बिच सहिष्णुता | १. बलेफी गाउँपालिका भित्रका जातजाति एवम् उनीहरुले बोल्ने भाषा, मानिने धर्म र संस्कृतिको सङ्ख्या वा प्रतिशत उल्लेख भएका तथ्याङ्क चार्ट अध्ययन गर्न लगाई विभिन्न भाषाको पहिचान गरी उनीहरुको पहिरनबारे छलफल गराई जानकारी गराईदिने।<br>२. फरक-फरक धर्म एवम् संस्कृति भएकका जातजातिहरु बिचको सम्बन्धका बारेमा छलफल गरी कक्षामा विद्यार्थीहरु पनि फरक-फरक जातजाति भाषा धर्मका भएपनि मेलमिलाप गरी एकले अर्कालाई सम्मान गर्न प्रेरित गर्दै सहिष्णुता कायम गर्ने तरिकाहरु बारे सूची तयार गरी छलफल गर्ने। | फरक भाषा, धर्म, संस्कृति भएका जातजातिका सम्बन्ध उल्लेख गर्दै सहिष्णुता कायम गर्ने तरिका पहिचान गर्न लगाउनु। | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | प्राकृतिक विपद, जोखिम र त्यसको व्यवस्थापन | प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु बताउन | प्रकोप सम्भाव्यता र पारिवारिक सुरक्षा | १. प्रकोपको सामान्य परिचय<br>२. प्रकोपका मुख्य कारणहरु( मानवीय, वातावरणीय)<br>३. विगतका वास्तविक घटना र सुरक्षाका उपायहरु (सम्भावित<br>४. प्रकोपका सम्भावित क्षेत्र/स्थान प्रकोपको सम्भावित स्थान क्षेत्र पहिरो गइराख्ने स्थान, खोलो, भिर अग्ला अग्ला रुखहरु, टिनका छाना भएका घरहरु, बाक्लो बस्ती, चटयाङ लिने र दब्ने चिज (अर्थिङ), जङ्गल, पत्कर र घाँस, पराल , वनभोज, धुम्रपान, मध्यपान र सिकार जङ्गलको प्रयोग आदिमा) अपनाउनु पर्ने सतर्कताहरु | १. प्रकोपको परिचय दिई छलफल प्रश्नोत्तर गराएर कारणको खोजीमा विद्यार्थीबाट आएका उत्तर नपुगेमा, शिक्षकले बताइदिने<br>२. वास्ताविक घटनाहरु सुनाइदिने<br>३. सम्भावित सुरक्षाको उपाय र सम्भावित स्थानबारे छलफल गरी गराई अन्त्यमा शिक्षकले सूची नै प्रस्तुत गरी छलफल र अन्तर्क्रिया गर्ने | १. प्रकोप र सुरक्षाको उपाय बिच जोडा मिलाउन लगाउने<br>२. कुनै प्रकोपको मा होसियारीको अभिनय गर्न लगाउने<br>३. प्रकोप कारण र सुरक्षाका उपायहरु मिलाउनु पर्ने गरी ठिक बेठिक, खाली ठाउँ भर्ने अभ्यास गराउने | ८ |
| ५ | पर्यटन | १. स्थानीय पर्यटकीय स्थलहरुको महत्व<br>२. अतिथि सत्कार गर्ने विधि<br>३. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको पहिचान गरी संरक्षण गर्ने उपायहरु बताउने। | पर्यटन अतिथि सत्कार | १. पर्यटकीय क्षेत्र( मन्दिर, गुम्बा, नदिनाला, झरना, फनपार्क, आदि) क्षेत्रको महत्व<br>२. आन्तरिक र बाह्य पर्यटकको अतिथि सत्कार बारे जानकार रहने<br>३. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको सरसफाई<br>४. पर्यटकीय क्षेत्रको भौगोलीक अवस्था पहिचान<br>५. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्रको पहिचान ( मन्दिर, गुम्बा, नदिनाला, झरना, फनपार्क, आदि) | १. पर्यटकीय क्षेत्र( मन्दिर, गुम्बा, नदीनाला, झरना, फनपार्क, आदि सूची बनाई महत्व बारे छलफल गर्ने<br>२. स्थानीय पर्यटनविद् वा पर्यटनसँग सम्बन्धित संघ संस्थाहरुको अवलोकन गरी पर्यटनबाट हुने फाइदाहरुको बारेमा छलफल गर्ने<br>३. स्थानीय पर्यटकीय क्षेत्रहरुको संरक्षणका विभिन्न उपायहरुबारे छलफल गराइ विद्यालय नजिक रहको पर्यटकीय स्थलको सरसफाइ कार्य गराउने<br>४. अभिनयबाट अतिथि सत्कारका विभिन्न खेल खेलाउने<br>५. होम स्टेको लागि आवश्यक पर्ने आधारभूत कुराहरुको जानकारी गराउने। | १. स्थानीय स्तरमा रहेको कुनै एक पर्यटकीय क्षेत्रको परिचय, महत्व, संरक्षणको अवस्था तथा व्यवस्थापनको प्रतिवेदन तयार गर्न लगाउने।<br>२. अतिथि सम्मान गर्ने विधि तयार गर्न लगाउने। | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय सिप तथा प्रविधि | १. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप प्रविधिको परिचय दिन<br>२. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक प्रविधिको महत्व वताउन | सिप प्रविधिको परिचय प्रविधिको महत्व | १. स्थानीय स्तरमा उपलब्ध परम्परागत प्रविधि, जाँतो, ढिकी, हलो आरन आदिको परिचय<br>२. स्थानीय स्तरमा उपलब्ध आधुनिक प्रविधि मिल, टयाक्टरको परिचय,<br>३. जाँतो, ढिकी, मिल, हलो, टयाक्टरको महत्व<br>४. पेशा व्यवसायमा प्रविधिको उपयोग | १. चिज वा प्रत्यक्ष अवलोकन ढिकी जातो, हलो आदिको अवलोकन गराई त्यसको परिचय दिन<br>२. स्थानीय स्तरमा भएका परम्परागत तथा आधुनिक प्रविधिको प्रयोगबाट भएको फाइदाहरु बारे छलफल गराउने<br>३. कुनै पेशा, व्यवसाय संचालन गर्न आधुतिक तथा परम्परागत प्रविधिको प्रयोगमा जोड गर्न प्रोत्साहन गरी त्यसबाट हुने फाइदाको बारे छलफल गराउने | घर वा समुदायमा प्रयोग भएको कुनै तीन परम्परागत र आधुनिक प्रविधिको परिचय दिने परम्परागत तथा आधुनिक प्रविधिको महत्व टिपोट गर्न लगाउने। | १३ |
| ७ | स्थानीय आय-आर्जन | स्थानीय स्तरमा आम्दानी गर्न सकिने आय आर्जनको सम्भाव्य क्षेत्रहरु (कृषि, पशुपालन, व्यापार, घरेलु उद्योग) | १. स्थानीय आय आर्जनको परिचय र महत्व आयआर्जन गर्न सम्भावित क्षेत्रहरुको पहिचान<br>२. स्थानीय स्तरमा हुने आयआर्जनको फाइदा<br>३. स्थानीय स्तरमा उत्पादित कृषि जन्य वस्तुको स्वस्थकर प्रयोग र फाइदा | १. स्थानीय आय आर्जनको परिचय र महत्व बताउन<br>२. आयआर्जन गर्न सम्भावित क्षेत्रहरुको पहिचान गरी बताउन<br>३. स्थानीय स्तरमा हुने आयआर्जनको फाइदा बताउन<br>४. स्थानीय स्तरमा उत्पादित कृषि जन्य वस्तुको स्वस्थकर प्रयोग र फाइदाको बारेमा जानकार रहन | १. स्थानीय स्तरमा हुने आयआर्जनको श्रोत खुलाएर परिचय बनाई त्यसको महत्वहरु बोर्डमा टिपोट गरी छलफल गरी सिकारुलाई भन्न र लेख्न लगाउने<br>२. स्थानीय स्तरमा आयआर्जन गर्न सकिने सम्भावित क्षेत्रहरु जस्तै कृषि, व्यापार, व्यवसाय, सेवा, (शिक्षण, निजामति, सेना, प्रहरी आदि) को बारेमा छलफल गरी त्यसको फाइदाहरु बोर्डमा टिपोट गरी लेख्न र भन्न लगाउने<br>३. स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुको स्वस्थकर उपभोग र त्यसको फाइदाहरु कक्षाकोठामा छलफल गरी लेख्न र पढ्न लगाउने | १. स्थानीय आयआर्जन भनेको के हो भनी प्रश्नोत्तर गर्ने<br>२. स्थानीय स्तरमा आयआर्जन गर्न सकिने क्षेत्रहरु र त्यसबाट हुने फाइदा हरु के के हुन भनि प्रश्नोत्तर गरी बोर्डमा टिपोट गरी सिकारुलाई पढन र लेख्न लगाउने<br>३. स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुको उभपोगको स्वस्थकर फाइदाहरु के के हुन भनी प्रश्नोत्तर गर्ने, लेख्न र पढ्न लगाउने। | ८ |
| ८ | स्थानीय जडीबुटी पहिचान तथा प्रयोग | कुनै ५ जडीबुटी पहिचान, संरक्षण र प्रयोग गर्न | जडीबुटी | घिउकुमारी, तुलसी, बोभ्मो कालिसिन्को र भाँगीराजको संरक्षण तरिका र उपयोगिता | छलफल /अन्तरक्रिया गराई प्रत्येकको परिचय, संरक्षणका उपाय, फाइदा लेखिदिने र लेख्न लगाउने | जडीबुटीको नामसँग बनोट संरक्षण, तरिका र कामको सूची दिइ जोडा मिलाउन लगाउने | १३ |
| ९ | स्थानीय सहकारी तथा समूह परिचालन | सहकारीको परिचय दिन। | स्थानीय सहकारीको नाम | १. सहकारीको परिचय<br>२. सहकारीको नामहरु<br>३. सहकारीको वर्गीकरण व्रम्ह्यणी साना किसान कृषि सहकारी, लामोसाँघु साकोस (वचत तथा ऋण, सहकारी, कृषि सहकारी, बहुउद्देश्यीय सहकारी, उपभोक्ता सहकारी | १. सहकारीलाई परिभाषित गर्न सिकाउने<br>२. स्थानीय स्तरमा सञ्चालित सहकारीहरुको नामहरुको सूची तयार पार्न लगाउने।<br>३. स्थानीय स्तरमा संचालित सहकारीको विभाजन जस्तै : कृषि, वचत तथा ऋण , दूग्ध आदि<br>४. सहकारीको क्षेत्रगत अवलोकन गराउने। | स्थानीय स्तरको सहकारीको नाम भन्न लगाउने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | फिल्डमा खेलिने खेलहरु | फिल्डमा खेलिने खेलहरुको नियम बताउन र प्रर्दशन गर्न | हाइजम्प, लङजम्प, ट्रिपलजम्प, सटफुट, ज्याभलिन थ्रो | फिल्डमा खेलिने खेलहरु (हाइजम्प, लङजम्प, ट्रिपलजम्प, सटफुट, ज्याभलिन थ्रो) को जानकारी नियम र अभ्यास | १. फिल्डमा खेलिने खेलहरुको सूची बनाई जानकारी दिने फिल्डमा खेलिने खेलहरुको नियम बताउने र अभ्यास गराउने | फिल्डमा खेलिने खेलहरुको सूची बनाउन लगाउने फिल्डमा खेलिने खेलहरुको नियम भन्न लगाउने फिल्डमा खेलिने खेलहरुको प्रतियोगिता गर्ने खेलहरुको प्रदर्शन गर्न लगाउने | ११ |
| ११ | सरसफाइ तथा फोहोर मैला व्यवस्थापन | घर समुदाय र विद्यालयबाट निस्केका फोहोरहरुलाई व्यवस्थापन गरी पुनः प्रयोगबाट हुने फाइदाहरु बताउन | फोहोर व्यवस्थापनका फाइदा | घर समुदाय विद्यालयबाटबाट निस्केका फोहोरहरुको व्यवस्थापनका उपायहरु फोहोरलाई पुनः प्रयोगबाट हुने फाइदाहरु | १. विभिन्न घर समुदायबाट निस्केका फोहोरहरु व्यवस्थापन गरेका चित्र वा भिडियो देखाई फोहोर व्यस्थापनका विभिन्न उपायहरु बताई रिपोट गर्न लगाउने र पुनः प्रयोग गर्न मिल्ने फोहोरहरुबाट हुने फाइदाहरु टिपोट गर्न लगाई छलफल गरी पुन प्रयोग गरेका फोहोरहरुको उदाहरण दिदै पुन प्रयोग गर्न मिल्ने फोहोरलाई पुन प्रयोग गर्न प्रेरित गर्ने क्रियाकलापहरु संचालन गर्ने | फोहोरको पुनःप्रयोगबाट हुने फाइदाहरु बताउनुहोस् | ८ |
| १२ | स्थानीय कृषि उत्पादन र महत्व | १. तरकारी खेतीबाट आम्दानी हुने तरिका बताउन।<br>२. पशुपालनबाट आम्दानी हुने तरिका बताउन।<br>३. फलफूल खेतीबाट आम्दानी हुने तरिका बताउन।<br>४. कृषि तथा पशुपालनमा आधुनिकीकरणको उपायहरु बताउन। | तरकारी खेती<br>पशुपालन<br><br>फलफूल खेती<br>आधुनिकीकरणका उपाय | १. तरकारी खेती -काउली, साग, च्याउ, गोलभेडा प्याजको खेती)<br>२. पशुपालन-गाईपालन, बाख्रापालन, मौरीपालन, भैँसीपालन आदि)<br>३. फलफूल खेती - केरा, आप, लिची आदि)<br>४. कृषिमा आधुनिकीकरणका उपायहरु उन्नत जातका गाई, भैसी, बाख्रापालन<br>५. आधुनिकीकरणबाट अन्नबाली, तरकारी, फलफूल उत्पादनमा आधुनिक बिधि प्रयोग गरी आधुनिक कृषि औजार (हलो– ट्याक्टर) धान कोदो काट्ने मेसिन आदिको प्रयोगले कृषि कर्ममा ल्याएको सरलता | १. विद्यार्थीलाई विभिन्न समूहमा विभाजन गरि तरकारी र फलफूल खेतीबाट आम्दानी हुने क्षेत्रहरु टिपोट गर्न लगाइ शिक्षकले तरकारी र फलफूल खेतीबाट आम्दानी गरि जीविकोपार्जन गरेका विभिन्न व्यवसायीहरुको उदाहरण प्रस्तुत गरि स्थानीय तरकारी फलफूल उत्पादनमा प्रोत्साहन र प्रयोगमा उत्साहित बनाउने क्रियाकलाप सञ्चालन गर्ने।<br>२. पशुपालनको विभिन्न उदाहरण दिई त्यसबाट आम्दानी हुने क्षेत्रहरु टिपोट गर्न लगाइ शिक्षकले पशुपालनमा उत्प्रेरित हुने खालका क्रियाकलाप सञ्चालन गरी विभिन्न पशुपालन व्यवसाय सँग सम्बन्धित विभिन्न चिज वा भिडियो प्रस्तुत गरी आम्दानी हुने क्षेत्रहरुबारे छलफल गर्ने। विद्यार्थीलाई खनजोत गर्न धान, कोदो कुट्ने आधुनिक कृषि औजारहरुको प्रयोगबाट भएको सुबिधा बताउन लगाइ छलफल गर्ने। | १. फलफूल, तरकारी र पशुपालनबाट आम्दानी हुने तरिका बताउन लगाउने।<br>२. कृषिमा प्रयोग हुने परम्परागत र आधुनिक उपकरणहरु बिच तुलना गर्न लगाउने। | ८ |

## कक्षा ७

| क्र.सं. | क्षेत्र एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह बलेफी गाउँपालिका | बलेफी गा.पा. को परिचय, क्षेत्रफल, सिमाना, भौगोलिक तथा राजनैतिक बनावट | सिमाना भौगोलिक अवस्था राजनैतिक अवस्था | १. बलेफी गाउँपालिकाको क्षेत्रफल ६१.६२ वर्ग किलोमिटर<br>२. बलेफी गाउँपालिकाको साँध सिमाना (पूर्व त्रिपुरा सुन्दरी गाउँपालिका र सुनकोशी गाउँपालिका, पश्चिम जुगल गाउँपालिका, उत्तर बाह्रविसे नगरपालिका, दक्षिण चौतारा साँगाचोकगढी नगरपालिका )<br>३. भौगोलिक तथा राजनैतिक बनावट।<br>४. बलेफी गाउँपालिका भित्र बसोबास गर्ने जातजाति<br>५. बलेफी गाउँपालिकाको हावापानी र मौसम<br>६.यहाँ मानिने धर्म सस्कृति चाडबाड र रहनसहन | १. बलेफी गाउँपालिकाको भौगोलिक र राजनैतिक विभाजन तथा बनावटको बारेमा नक्साबाट छलफल गराउने<br>२. जातजातिहरुको चार्ट प्रस्तुत गर्ने<br>३. हावापानी र मौसमी चार्टको प्रस्तुति गर्ने<br>४. धर्म, संस्कृति, चाडवाडको विवरण चार्टबाट प्रस्तुत गर्ने | १. बलेफी गाउँपालिकाको क्षेत्रफल सिमाना टिपोट गर्न लगाउने<br>२. बलेफी गाउँपालिकाको राजनैतिक बनावट ३. हावापानी र मौसमबारे टिपोट गर्न लगाउने | १८ |
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | १. प्राकृतिक वातावरणको परिचय दिई महत्व बताउन<br>२. बलेफी गाउँपालिकामा पाईने जीवजन्तु र वनस्पतिको परिचय दिन र तिनको संरक्षणबारे जानकार रहन<br>३. प्राकृतिक स्रोत तथा सम्पदाको बर्गीकरण गर्न र महत्व बताउन | प्राकृतिक वातावरण जीवजन्तु वनस्पति | १. प्राकृतिक र मानव निर्मित वातारवरणको परिचय र महत्व मानव निर्मित वातावरणमा देखिएको असर बलेफी गाउँपालिकामा पाइने जीवजन्तु-बाँदर, मृग, बँदेल आदि। वनस्पति-साल, चिलाउने, सल्लो आदि परियोजना कार्य क्षेत्र भ्रमण आदिको माध्यमले स्थानीय तहले स्रोत साधन संरक्षणमा गरेको प्रयासहरुबारे बताउने<br>२. प्राकृतिक स्रोत तथा सम्पदाको वर्गीकरण (क्षेत्र भ्रमण गरेर)<br>३. पानी/वनजङ्गल/जमिन आदिको महत्व<br>४. प्राकृतिक स्रोत साधनको अवैधानिक दोहन नियन्त्रणका उपायहरुबारे छलफल, नियन्त्रणका प्रयास | १. प्रकृति र मानव निर्मित वातावरणको भिडियो डकुमेन्ट्री तालिका देखाएर छलफल गर्ने।<br>२. मानव निर्मित वातावरणले पारेको असरबारे जानकारी दिने<br>३. बलेफी गाउँपालिकामा पाइने वन्यजन्तु र वनस्पतिको बारेमा विद्यार्थीहरुको स्वअनुभवको छलफल र परियोजना कार्यको विश्लेषण गरी आवश्यक जानकारी प्रदान गर्ने<br>४. प्राकृतिक स्रोत र सम्पदाको क्षेत्र भ्रमणबाट आएको वर्गीकरण तालिकाको प्रस्तुति र छलफलका साथै आवश्यक सहजीकरण गर्ने।<br>५. प्राकृतिक स्रोत साधनको अवैधानिक दोहनको चित्र भिडियोद्वारा प्रदर्शन गरी नियन्त्रणका उपायबारे छलफल प्रस्तुतीकरण आदि | प्राकृतिक र मानव निर्मित वातावरणको परिचय दिन लगाउने<br>मानव निर्मित वातावरणबाट देखिएको असरबारे प्रश्न गर्ने<br>बलेफी गाउँपालिकामा पाईने वन्य जन्तु र वनस्पतिको सूची तयार पार्न लगाउने<br>मुख्य मुख्य प्राकृतिक स्रोत र सम्पदाको वर्गीकरण गर्न लगाउने।<br>प्राकृतिक स्रोत तथा सम्पदाको अवैधानिक दोहन नियन्त्रणको उपाय भन्न लगाउने। | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय साँस्कृतिक मूल्य र मान्यता | १. आफ्नो भाषा, धर्म, चाडपर्व र पहिरनको नाम बताउन<br>२. आफूले बोलिने भाषाको नाम बताउन | भाषा<br>धर्म<br>पहिरन | १. आफ्नो भाषा (तामाङ, नेवारी, नेपाली आदि)<br>२. आफूले मानिने धर्म(हिन्दु, बौद्ध, इसाई आदि)<br>३.आफूले मनाईने चाडपर्व (दशैँ, तिहार, छठ, क्रिसमस, इद आदि)<br>४. आफूले लगाउने पहिरन (सट, फरक, घाँगर, जामा, भोटो आदि) | १. विद्यार्थीहरु बिच कुन-कुन जातजातिका हुन र कुन भाषा बोल्न भनेर विद्यार्थी बिच छलफल तथा प्रश्नोत्तर गरेर स्थानीय जातजाति तथा बोलिने भाषाको बारेमा सामान्य जानकारी गराउने ।<br>२. विद्यार्थीले मनाउने खालको धर्मका विभिन्न क्रियाकलाप गरिएको चित्र वा भिडियो प्रस्तुत गरी आफूले मान्ने धर्म बारे बताउन लगाई छलफल गर्ने ।<br>३. विद्यार्थीले लगाउने पहिरनको बारेमा शैक्षिक सामग्री (चित्र वा नमुना) सहित छलफल गरी परम्परागत पहिरनको सूची निर्माण गराउँदै आफ्नो परम्परागत पहिरन प्रयोग गर्न प्रोत्साहन गर्ने ।<br>४. विभिन्न चाडपर्वको चित्रहरु प्रस्तुत गरी आफूले मनाउने चाडपर्व बताउन लगाई छलफल गर्ने । | १. विभिन्न प्रश्नहरु सोध्ने जस्तै:<br>(क) तिमीले वोल्ने भाषा के हो ?<br>(ख) तिमीले मान्ने धर्मको नाम के हो ?<br>(ग) तिमीले लगाउने तिन पहिरनको नाम भन ?<br>(घ) तिमीले मनाउने दुई चाडपर्वको नाम भन ? | ७ |
| ४ | प्राकृतिक विपद् , जोखिम र त्यसको व्यवस्थापन | प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु अवलम्बन गरी जोखिम न्यूनीकरणका उपायहरु बताउन | प्रकोप सम्भाव्यता सुरक्षाको योजना, सामाजिक सुरक्षा | १. जङ्गल, नदी, पोखरी जस्ता स्थानको प्रयोग<br>२. जङ्गली जनावारसँगको व्यवहार<br>३. रोग, महामारी सँग सतर्कता<br>४. विपद्, जोखिम न्यूनीकरणका योजना (विपद् पूव तयारी, विपद् परेका बेला र विपद् पश्चात गर्ने कार्यहरु) | प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण बारे छलफल, अन्तर्क्रिया गरी, चार्टपेपर, ब्रोसर, नमुना योजना बनाई प्रस्तुति र छलफल गराउने | प्रकोपहरु र सोसँग सम्बन्धित जोखिमको सूची प्रस्तुत गर्न लगाई<br>जोखिम न्यूनीकरण योजना निर्माण अभ्यास गर्न लगाउने | ८ |
| ५ | पर्यटन | स्थानीय पर्यटकीय स्थलहरुको संरक्षण पर्यटनको लागि स्थानीय वासीको भूमिका बताउन<br>गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न<br>होम स्टेको फाइदा बताउन | पर्यटकीय स्थल<br>Home stay | १. मन्दिर, पार्क, नदीनाला, वन पैदावर झरना आदि भ्रमण क्षेत्रको संरक्षण<br>२. आन्तरिक र बाह्य पर्यटनका लागि स्थानीय वासीको भूमिका<br>३. गाउँपालिका क्षेत्रहरु भरिका पर्यटकीय स्थलको प्रचार प्रसार | १. समाज र देशका लागि स्थानीय पर्यटकीय क्षेत्रहरुको योगदान बारे छलफल चलाउने, वर्णन गर्ने<br>२. स्थानीय कुनै एक पर्यटकीय क्षेत्रको भ्रमण गराइ त्यहांको संरक्षण अवस्था बुझ्ने र त्यसको थप संरक्षण गर्नको लागि आवश्यक तरिकाहरु वारे छलफल गर्ने<br>३. पर्यटकीय क्षेत्रहरुको संरक्षणमा पर्यटनका लागि स्थानीय समुदाय तथा विद्यार्थीको भूमिका सम्वन्धी बुँदागत रुपमा छलफल गर्ने<br>४. गाउँपालिका भित्रका सामुदायिक सञ्जाल निर्माण गरी क्षेत्र भ्रमणको योजना बनाई पर्यटकलाई आमन्त्रण गरी प्रचार प्रसार गर्ने<br>५. गाउँपालिका भित्रका विभिन्न पर्यटकीय क्षेत्रहरुलाई अडियो भिडियो सामग्रीबाट प्रस्तुत गर्ने<br>६. होम स्टे को बारेमा जानकारी दिने | १. पर्यटकीय स्थलको सूची तयार पार्न लगाई संरक्षणका उपायहरु वर्णन गर्न लगाउने ।<br>२. पर्यटनको लागि स्थानीयवासीको भूमिका बताउन लगाउने ।<br>३. होम स्टेको फाईदा टिपोट गर्न लगाउने । | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय सीप तथा प्रविधि | स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप तथा प्रविधिको माध्यमबाट आय आर्जनको क्षेत्र पहिचान गर्न<br>स्थानीय स्तरमा उपलब्ध स्थानीय सिप प्रविधिको क्षेत्र अनुसार आयआर्जनका तरिका बताउन<br>गाउँपालिका भित्र परम्परागत तथा आधुनिक प्रविधिबाट बनेका उपकरणको संरक्षणका उपायहरु बताउन | आयआर्जनको क्षेत्र आयआर्जनको तरिका उपकरण संरक्षण | १. परम्परागत प्रविधि जस्तै कृषि क्षेत्रमा: ढिकी, जाँतो, घट्ट, कुटानी पिसानी कार्यमा आधुनिक प्रविधि: जस्तै विद्युतीय मिल दुनाटपरी निर्माण<br>२. स्थानीय सिपबाट निर्मित जस्तै डोको डालो, गुन्द्री, दुना टपरी अन्य क्षेत्रमा निर्यात गरी आम्दानी हुने<br>३. ढिकी जातो, घट्टको संरक्षणका उपायहरु<br>४. आधुनिक र परम्परागत प्रविधिको अन्तरसम्बन्ध<br>५. सुरक्षित प्रयोग | १. हाम्रो समुदायमा भएका परम्परागत प्रविधिको प्रयोग हुने क्षेत्रहरु पहिचान, परम्परागत प्रविधिबाट भएका कार्यहरुको भिडीयो, चित्र प्रदर्शनी गरी छलफल गर्ने जस्तै ढिकीबाट धान कुटानी गरेको भिडीयो वा चित्र आदि<br>२. आधुनिक प्रविधिबाट भएको कार्यहरुको भिडियो चित्र प्रदर्शन गरी छलफल गर्ने<br>६. विभिन्न परम्परागत प्रविधिको संरक्षण गर्ने, आफू र आफ्नो परिवारलाई उत्प्रेरित गर्ने कार्य गर्न प्रोत्साहन गरी संरक्षणका उपायहरु माथि छलफल गर्ने | १. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप प्रविधिको माध्यमबाट आयआर्जनको क्षेत्र लेख<br>२. परम्परागत प्रविधिबाट बनेका उपकरणहरुको संरक्षणका उपायहरु लेख्न लगाउने। | १३ |
| ७ | स्थानीय आय-आर्जन | आयआर्जनसँग परिचित भई त्यसको सम्भावित कृषि पशुपालन क्षेत्रको पहिचान गरी सो को फाइदा र आवश्यकता एवम् आधुनिकीकरणको उपायहरु बताउन। | १. आयआर्जनको परिचयदिइत्यसको आवश्यकता र फाइदा पहिचान<br>२. स्थानीय स्तरमा गर्न सकिने आयअर्जानको सम्भावित क्षेत्र पहिचान र आधुनिककरणको उपाय<br>३. आयआर्जनबाट प्राप्त स्रोतको सदुपयोग गरी आर्थिक मितव्ययिताको उपायहरु | १. आयआर्जनको परिचय दिइ त्यसको आवश्यकता र फाइदा हरु भन्न<br>२. स्थानीय स्तरमा गर्न सकिने आयआर्जनको सम्भावित क्षेत्र पहिचान र आधुनिकीकरण को उपाय बताउन<br>३. आयआर्जनबाट प्राप्त श्रोतको सदुपयोग गरी आर्थिक मितव्ययिताको उपायहरु बताउन | १. आयआर्जनको परिचय दिइ त्यसको आवश्यकता र फाइदाहरुको बारेमा बोर्डमा टिपोट गरी पढ्न र लेख्न लगाउने<br>२. स्थानीय स्तरमा गर्न सकिने आयआर्जनको सम्भावित क्षेत्र के के हुन भनि प्रश्नोत्तर गरी ती क्षेत्रहरुको विकासमा आधुनिकीकरण गर्न के के गर्नुपर्ला भनि बोर्डमा टिपोट गरी पढ्न र लेख्न लगाउने<br>३. आयआर्जनबाट प्राप्त श्रोतको सदुपयोग गरी आर्थिक मितव्ययिताको उपायहरु टिपोट गरी छलफल गर्ने | १. आयआर्जनको भनेको के हो, त्यसको स्रोत हरु के के हुन भनी प्रश्नोत्तर गर्ने<br>२. स्थानीय स्तरमा गर्न सकिने आयआर्जनको सम्भावित क्षेत्र के के हुन भनी प्रश्नोत्तर गरी ति क्षेत्रहरुको विकासमा आधुनिकरण गनै के के गर्नुपर्ला भनी प्रश्नोत्तर गर्ने, टिपोट गरी पढ्न र लेख्न लगाउने<br>३. आयआर्जनबाट प्राप्त स्रोतको सदुपयोग गरी आर्थिक मितव्ययिताको उपायहरु टिपोट गरी छलफल गर्ने, पढन र लेख्न लगाउने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | स्थानीय जडीबुटी पहिचान तथा प्रयोग | कुनै ६ जडीबुटी पहिचान, संरक्षण र प्रयोग गर्न | ६ जडीबुटी | घिउकुमारी, तुलसी, बोझो कालिसिन्को, भांगीराजको संरक्षण तरिका, उपयोगिता, धेरै उत्पादन र व्यवसाय विकास | छलफल /अन्तरक्रिया गराई प्रत्येकेका परिचय संरक्षणका तरिका, फाइदा भन्न लगाउने, लेखिदिने र लेख्न लगाउने | लेखेको अवलोकन गर्ने, रुजु गर्ने र पृष्ठपोषण दिन | १३ |
| ९ | स्थानीय सहकारी तथा समूह परिचालन | सहकारीको परिचय महत्व जानकार रहन। | सहकारीको परिचय र महत्व | १. सहकारीको अवधारणा<br>२. सहकारीको महत्व<br>३. स्थानीय उत्पादनको सहजीकरण, वजारको व्यवस्थापन, समान सहभागिता, पारस्परिक सहयोग<br>४. सहकारीको स्थानीय स्तरमा प्रभाव | १. सहकारीको परिभाषा भन्न लगाउने र सहजीकरण गर्ने<br>२. सहकारीको स्थानीय स्तरमा महत्व बताउने<br>३. स्थानीय स्तरमा सञ्चालित सहकारीले पारेको प्रभाव/गरेका क्रियाकलापहरुको अवलोकन गरी सूची तयार पार्न सहजीकरण गर्ने। | १. सहकारीको कुनै २ महत्व भन्न लगाउने।<br>२. सहकारीले गरेको कुनै<br>३. कामको सूची बनाउन लगाउने। | ८ |
| १० | कबड्डी र मार्सल आर्ट | १. कबड्डी खेलको नियम र प्रर्दशन गर्न<br>२. तेक्वान्दो खेलको परिचय र सामान्य ढाँचा प्रर्दशन गर्न | १. कबड्डीको नियम<br>२. तेक्वान्दो खेलको नियम | १. कबड्डी र मार्सल आर्ट सम्बन्धी जानकारी तथा अभ्यास | १. कबड्डी खेल सम्बन्धी जानकारी दिने, नियमहरु सिकाउने, खेल खेलाउने<br>१. तेक्वान्दो सम्बन्धी जानकारी दिने, नियम सिकाउने, खेल खेलाउने | अवलोकन, प्रर्दशन | ११ |
| ११ | सरसफाइ तथा फोहोर मैला व्यवस्थापन | घर, समुदाय, विद्यालयहरुबाट निस्केका फोहोरहरु पुन प्रयोगबाट हुने फाइदा, बेफाइदा र महत्व बताउन | फोहोरहरुका फाइदा, बेफाइदा र महत्व | १. फोहोरहरुको पुन:प्रयोगको फाइदाहरु (खर्च, दूषित कम आदि)<br>२. फोहोरहरुको पुन प्रयोगको बेफाइदाहरु (खर्च,दूषित कम र आदि)<br>३. फोहोरहरुको पुन प्रयोगको महत्व (खर्च,दुषीत कम र आदि) | १. विद्यार्थीलाई चित्र वा भिडियो देखाई घर वा समुदायबाट निस्केका फोहोर सूची बनाउन लगाउने र उक्त फोहोरलाई पुन : प्रयोग गर्दा हुने फाइदा बेफाइदा र महत्व टिपोट गर्न लगाउने त्यसपछि हाम्रो गाउँ समुदायमा भएका फोहोर पुन प्रयोग कति भएको छ त्यसको अवलोकन वा भ्रमण गरी फोहोरको पुन प्रयोगबाट हुने फाइदा बेफाइदा र महत्व<br>२. माथि छलफल गराउने | १. फोहोरको पुन: प्रयोगबाट हुने फाइदा बेफाइदा र महत्व टिपोट गर्न लगाउने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२. | स्थानीय कृषि उत्पादन र महत्व | १. कृषि तथा पशुपालनबाट जीविकोपार्जनका लागि गर्न सकिने स्थानीय पेशाहरु पहिचान गर्न ।<br>२. कृषि तथा पशुपालनबाट उत्पादन भएका वस्तुको अवस्था बताउन ।<br>३. कृषि तथा पशुपालनबाट उत्पादन भएका वस्तुहरुको आवश्यकता र महत्व बताउन | १. स्थानीय पेशाहरु<br>२. कृषि तथा पशुपालन | १. कृषि तथा पशुपालनबाट जीविकोपार्जनका लागी गर्न सकिने पेशाहरु -गाइपालन, तरकारी खेती, मौरीपालन आदि)<br>२. कृषि तथा पशुपालनबाट उत्पादित वस्तुहरु -दुध, मासु, कम्पोट मल, तरकारी, अन्नबाली आदिको अवस्था महत्व र आवश्यकता | ३. स्थानीय क्षेत्रमा कृषिमा सक्रिय अभिभावकलाई कक्षामा निम्त्याइ कृषि तथा पशुपालनबाट जीविकोपार्जनका लागि गर्न सकिने स्थानीय पेशाहरुको बारेमा छलफल गर्न र कृषि तथा पशुपालनबाट जीविकोपार्जनका लागि स्थानीय क्षेत्रमा आयआर्जनका सम्भावनाहरुको सूची बनाइ छलफल गर्न ।<br>४. कृषि तथा पशुपालनबाट उत्पादित वस्तुहरुको आवश्यकता र महत्व समूह विभाजन गरी छलफल गर्ने ।<br>५. पशुबाट उत्पादित वस्तुहरुको विभिन्न उदाहरण प्रस्तुत गरी बजार व्यवस्थापनको बारेमा छलफल गरि उत्पादित वस्तुको अवस्थाबारे जानकारी गराउने । | ६. स्थानीय पेशाहरुको सूची बनाउन लगाइ आफ्नो घरमा कृषि र पशुपालनबाट उत्पादन भएको वस्तुको सूची बनाउन लगाइ अवस्था आवश्यकता र महत्व बताउन लगाइने । | ८ |

## कक्षा ८

| क्र.सं | क्षेत्र एकाइ | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन | कार्यघण्टा |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तह बलेफी गाउँपालिका | बलेफी गा.पा. को परिचय क्षेत्रफल सिमाना भौगोलिक तथा राजनैतिक बनावट जाताजाति हावापानी, मौसम, भाषा, धर्म सस्कृति, जनसङ्ख्याबारे जानकार रहन | सिमाना भौगोलिक अवस्था राजनैतिक अवस्था जाताजाति, हावापानी भाषा धर्म सस्कृति जनसंख्या | १. बलेफी गाउँपालिकाको क्षेत्रफल साँध सिमाना सहितको परिचय  बलेफी गाउँपालिकाको क्षेत्रफल ६१.६० वर्ग कि.मि. बलेफी गाउँपालिकाको साँध  सिमाना (पूर्व बाह्रबिसे, पश्चिम चौतारा, उत्तरमा जुगल दक्षिणमा सुनकोशी<br>२. भौगोलिक तथा राजनैतिक  बनावट ?<br>३. बलेफी गाउँपालिकाको हावापानी र मौसम<br>४. बलेफी गाउँपालिका भित्र बसोबास गर्ने जातजाति भाषा धर्म र सस्कृति<br>५. वेशभूषा चाडपर्व रहनसहन<br>६. बलेफी गाउँपालिकाको जनसंख्या २०७८ अनुसार कूल १७०८५, महिला ८६७८, पुरुष ८४०७ | १. बलेफी गाउँपालिकाको भौगोलिक तथा राजनैतिक विभाजन बनावटको बारेमा नक्साबाट छलफल गराउने<br>२. जातजातिहरुको चार्ट प्रस्तुत<br>३. हावापानी र मौसमी चार्टको प्रस्तुति<br>४. बलेफी गाउँपालिका भित्र बसोबास गर्ने विभिन्न जनसाङ्ख्यिकी विवरण (२०७८ अनुसार)<br>५. बलेफी गाउँपालिका भित्र रहेका विद्यालय साक्षरता स्तरको प्रस्तुति (चार्ट अनुसार) | १. बलेफी गाउँपालिकाको परिचय दिन लगाउने<br>२. बलेफी गाउँपालिकामा बसोबास गर्ने जातजाति नाम मानिने धर्मको टिपोट गर्न लगाउने | १८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | स्थानीय प्राकृतिक स्रोत र सम्पदा | १. प्राकृतिक मानव निर्मित वातावरणको अन्तरसम्बन्ध बताउन<br>२. बलेफी गाउँपालिकाको प्राकृतिक स्रोत तथा सम्पदाको पहिचान र विवेकशिल प्रयोग गर्न (जल, जङ्गल, जमिन, जडिबुटी)<br>३. आफ्नो वरपरको वातावरण संरक्षणमा क्रियाशिल रहन | प्राकृतिक स्रोत तथा सम्पदा वातावरण संरक्षण | १. प्राकृतिक र मानव निर्मित वस्तुहरुको फरक मानव निर्मित वातावरणबाट देखिएको असर<br>२. प्राकृतिक स्रोतहरु हावापानी वनजङ्गल पहाड तराई समुन्द्र हिमाल जमिन आदि<br>३. मानव निर्मित उद्योगधन्दा सडक सम्बन्ध र समुचित प्रयोग नगर्दा आई पर्ने समस्या<br>४. प्राकृतिक स्रोत साधनको विवेकशील प्रयोग र संरक्षण<br>५. प्राकृतिक स्रोत संरक्षण को विवेकशील प्रयोग गर्ने उपायहरु खोजी र प्राकृतिक स्रोत साधन संरक्षणका उपायहरु<br>६. विकास तथा पर्यटकीय सम्भावनाहरु वातावरणीय समस्याहरु न्यूनीकरण गर्ने तरिकाहरु<br>७ वातावरण संरक्षणमा क्रियाशील फोहोर मैला नगर्ने वृक्षारोपण गर्ने पानीको मुहान सफा र संरक्षण गर्ने<br>७ आफ्नो वडाको प्राकृतिक पर्यटकीय स्थलको सामाजिक नक्सा तयार गर्ने | १ प्राकृतिक र मानव ग्रिर्मित वस्तुहरुको सूची तयार गरी विभिन्न क्षेत्रबाट अनतरसम्बन्धबारे छलफलगर्ने<br>२. बलेफी गाउँपालिका भित्र रहेका प्राकृतिक स्रोत सम्पदाको विभिन्न चित्र प्रस्तुत गरी त्यसको पहिचान गराउने विभिन्न क्रियाकलाप संचालन गरी प्राकृतिक स्रोत सम्पदाको संरक्षण गर्न प्रेरित गर्ने खालको क्रियाकलाप संचालन गर्ने<br>३ बलेफी गाउँपालिका भित्र रहेका विभिन्न प्राकृतिक सम्पदाको अवलोकन भ्रमण गराई आफ्नो घर वा समुदायमा रहेका प्राकृतिक स्रोत साधनको सरसफाइ गर्ने कार्यमा सहभागी गराउने खालको क्रियाकलाप संचालन गर्ने<br>४ सामाजिक नक्सा रेखाङ्कन गर्ने सिप विकास हुने क्रियाकलाप संचालन गर्ने। | १ प्राकृतिक र मानव निर्मित स्रोत साधनको अन्तरसम्बन्ध टिपोट गर्न लगाई प्राकृतिक स्रोत साधनको संरक्षणका उपायहरु बताउन लगाउने।<br>२ आफ्नो वडामा रहेको प्राकृतिक पर्यटकीय स्थलको भ्रमण गराई समूहमा सामाजिक नक्सा तयार गर्न लगाउने आवश्यकता अनुसार सहजीकरण गर्न लगाउने | १३ |
| ३ | स्थानीय सांस्कृतिक मूल्य र मान्यता | स्थानीय समुदायका मानिसहरुले अपनाउँदै आएका चालचलन, चाडपर्व, रहनसहन, पहिरनको महत्व बारेमा जानकार रही चालचलन, सांस्कृतिक पर्वलाई मितव्ययिता तथा वैज्ञानिक बनाउने उपायहरु खोजी गरी सांस्कृतिक मूल्य मान्यताका संरक्षणका उपायहरु खोजी गर्नु। | सांस्कृतिक चालचलन चाडपर्व सांस्कृतिक अभ्यासहरु | १. स्थानीय समुदायका मानिसहरुले अपनाउँदै आएका चालचलन, चाडपर्व, रहनसहन र पहिरनको महत्व<br>२. स्थानीय समुदायका मानिसहरुले अपनाउँदै आएका चालचलन, सांस्कृतिक पर्वहरुलाई मिव्ययिता तथा वैज्ञानिक बनाउने उपायहरु<br>३. बलेफी गाउँपालिका भित्रका सांस्कृतिक मूल्य मान्यताका संरक्षणका उपायहरु | १. स्थानीय समुदायका मानिसहरुले अपनाउँदै आएका विभिन्न चालचलन, चाडपर्व, रहनसहन र पहिरनको सूची तयार गरी त्यसको महत्व टिपोट गरी विद्यार्थीहरुलाई टिपोट गर्न लगाई छलफल गर्ने।<br>२. विद्यार्थीहरुको घर तथा समुदायमा अपनाउँदै आएका चालचलन, सांस्कृतिक पर्वमा गरिने क्रियाकलापबारे छलफल गरी ती गरिने क्रियाकलापलाई मिव्ययिता वैज्ञानिक बनाउने उपायहरु छलफल गरी मिव्ययिता र वैज्ञानिक तरिकाले मनाउन उत्प्ररित गर्ने। | सांस्कृतिक मूल्य मान्यतालाई मितव्ययी र वैज्ञानिक बनाउने उपाय बताउन लगाई सांस्कृतिक मूल्य मान्यताका संरक्षणका उपायहरु खोजी गर्न लगाउनु। | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ३. बलेफी गाउँपालिका भित्रका सांस्कृतिक मूल्य र मान्यताका संरक्षणका विभिन्न उपायहरु खोजि गरी संरक्षणका लागि गाउँपालिकाले गर्न सक्ने भूमिका माथि जानकार गराई संरक्षणका उपायहरु बुँदागत रुपमा प्रस्तुत गर्ने । | | |
| ४ | प्राकृतिक विपद्, जोखिम र त्यसको व्यवस्थापन | प्रकोपसँग परिचित भई सुरक्षाका उपायहरु अवलम्बन गरी जोखिम न्यूनीकरण योजना र कार्यान्वयन मा सरिक हुन | प्रकोप र सुरक्षाको योजना | १. विपद्, जोखिम न्यूनीकरणका योजना (विपद पूव तयारी, विपद परेको बेला विपद् पश्चात गर्ने कार्यहरु)<br>२. प्रकोप पात्रो<br>३. प्रकोप सम्भावित क्षेत्रको चित्रहरु<br>४. परिवार र विद्यालय योजना,<br>५. पालिका स्तरीय विपद् पूर्व तयारी योजना<br>६. विद्यालयमा प्रकोप व्यवस्थापन योजना<br>७. विपद् पश्चात सुरक्षित हुन नक्शा तयारी<br>८. विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने निकायहरुको सूचीकरण (स्थानीय प्रहरी, रेडक्रस, विपद् समिति, स्वास्थ्य संस्था जनप्रतिनिधि आदिको सम्पर्क नं सहितको सूची)<br>९. विपद् पश्चात प्रभावित वर्ग समुदाय पहिचान र सहयोग योजना | छलफल,<br>अन्तर्क्रिया<br>चार्टपेपर, ब्रोसर, नमुना योजना<br>प्रस्तुति<br>छलफल | प्रकोपहरु र सो सँग सम्बन्धित जोखिमको सूची तयार गर्न लगाउने,<br>जोखिम न्यूनीकरण योजना निर्माण गरी अभ्यास गर्न लगाउने | ८ |
| ५ | पर्यटन | १. स्थानीय पर्यटकीय क्षेत्ररुको संरक्षण र प्रवर्द्धन बारे बताउने<br>२. पर्यटकीय क्षेत्रका सुधार र संरक्षणका उपायहरु बताउने | पर्यटन | १. मन्दिर, पार्क, नदीनाला, वन पैदावर, झरना आदिको संरक्षण र पर्वद्धन<br>२. आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा स्थानीय तहको भूमिका<br>३. बलेफीका बिभिन्न पर्यटकीय क्षेत्रको संरक्षण, सरसफाइ र समुदायको भूमिका | १. स्थानीय पर्यटकीय क्षेत्ररुको संरक्षण र प्रवर्द्धनको लागि आवश्यक पर्ने क्रियाकलापहरुको बारे छलफल गर्ने<br>२. स्थानीय तह र व्यवस्थापन समितिसँग समन्वय गराई पर्यटकीय क्षेत्रहरुमा संरक्षण तथा प्रवर्द्धन सम्बन्धी भइरहेका कार्यहरुको बारे छलफल गराउन | १. पर्यटकीय क्षेत्रहरुको संरक्षण र प्रवर्द्धनका लागि गर्नुपर्ने कार्यहरुको सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>२. नजिकैको पर्यटकीय क्षेत्रको संरक्षण योजना तयार गरी प्रस्तुत गर्न लगाउने। | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ३. पर्यटकीय स्थलहरुको संरक्षणमा विद्यार्थीको भूमिकाबारे छलफल गरी बुँदागत रुपमा प्रस्तुत गर्ने<br>४. आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा स्थानीय तहले गर्न सक्ने भूमिकाको बारे बुँदागत रुपमा छलफल गरी प्रस्तुत गर्ने<br>५. बलेफी का भिभिन्न पर्यटकीय क्षेत्र स्थलहरुको संरक्षण, सरसफाइका विधि बारे छलफल गर्ने | | |
| ६ | स्थानीय सिप तथा प्रविधि | स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप तथा प्रविधिको माध्यमबाट आयआर्जन गर्ने तरिका बारे जानकार रहने<br>स्थानीय ज्ञान प्रविधिको परिचय वताउन<br>स्थानीय ज्ञान प्रविधिको महत्व बताउन<br>परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट आयआर्जनका फाइदाहरु बताउन | ज्ञान प्रविधिको महत्व<br>आयआर्जनका फाइदा | १. स्थानीय स्तरमा उपलब्ध परम्परागत तथा आधुनिक सिप र प्रविधिको माध्यमबाट निर्मित विभन्न सामान (डोको, डालो, गुन्द्री, चकटी जस्ता परम्परागत प्रविधिबाट निर्मित सामग्रीको बजार व्यवस्थापन, आधुनिक गलैंचा, सुकुल, टोपी घट्ट, ढिकी जस्ता प्रविधिबाट हुने आम्दानी<br>२. स्थानीय ज्ञान प्रविधिको परिचय<br>३. स्थानीय ज्ञान प्रविधिको महत्व<br>४. परम्परागत प्रविधिको र आधुनिक प्रविधिसँग को अन्तरसम्बन्ध तथा विकास प्रक्रिया (घटटबाट मील, हलो को विकसित रुप ट्याक्टर | १. विभिन्न प्रविधिबाट निर्मित भएका सामग्रीहरुको दैनिक प्रयोग गर्ने तरिका, बढी उत्पादित वस्तुका बजार व्यवस्थापन जस्ता कार्यहरुबाट आय आर्जन हुने बारे छलफल गर्ने<br>२. स्थानीय ज्ञान र प्रविधिको परिचय बारे छलफल गरी यसको महत्व टिपोट गर्ने<br>३. प्रविधिको माध्यमबाट आयआर्जन गरेका स्थानीय व्यक्तिहरुको उदाहरण दिई यसबाट हुने फाइदाबारे छलफल गर्ने<br>४. परम्परागत प्रविधिबाट कसरी आधुनिक प्रविधिको विकास भइरहेको छ भन्ने सन्दर्भमा उदाहरण सहित छलफल गराउने | १. प्रविधिको माध्यमबाट आयआर्जनका फाइदाहरु टिपोट गर्न लगाउने<br>२. स्थानीय ज्ञान र प्रविधिको महत्व के के हुन् भनी टिपोट गर्न लगाउने | १३ |
| ७ | स्थानीय आय-आर्जन | आयआर्जनसँग परिचित भई आयआर्जन सिप तथा त्यसको आधुनिकीकरण र व्यवसायीकरण सम्बन्धी जानकारी गराउन। | १. आयआर्जनको परिचय दिई त्यसको आवश्यकता, फाइदा र आधुनिकीरणको उपाय<br>२. आयआर्जनबाट प्राप्त श्रोतको सदुपयोग गरी मितव्ययिताको उपाय र त्यसको फाइदा<br>३. आयआर्जन सम्बन्धी सामान्य ज्ञान र सिप हासिल | १. आय आर्जनको परिचय दिई त्यसको आवश्यकता, फाइदा र आधुनिकीरणको उपाय बताउन<br>२. आयआर्जनबाट प्राप्त स्रोतको सदुपयोग गरी मितव्ययिताको उपाय र त्यसको फाइदा बताउन<br>३. आयआर्जन सम्बन्धी सामान्य ज्ञान र सिप हासिल गर्न(जस्तै गुन्द्री बुन्ने, डोको डालो बनाउने, गलैचा बुन्ने, आरन चलाउने लुगा सिलाउने | १. आयआर्जनको परिचय, त्यसको सम्भावित क्षेत्र, आवश्यकता, फाइदा र आधुनिककरणको उपायहरुबारे कक्षाकोठामा छलफल गरी सिकारुहरुलाई लेख्न, भन्न र पढ्न लगाउने<br>२. आयआर्जनबाट प्राप्त | १. आयआर्जनको भनेको के हो, त्यसको सम्भावित क्षेत्रहरु के के हुन भनि प्रश्नोत्तर गर्ने टिपोट गर्न लगाउने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्रोतको सदुपयोग गरि आर्थिक मितव्ययिताको उपायहरु छलफल गर्ने<br>३. आयआर्जनसँग सम्बन्धित केही क्षेत्रको सिप तथा ज्ञानको बारेमा छलफल गर्ने | २. आयआर्जनको आवश्यकता फाइदा र आधुनिकीकरण को उपायहरु के के हुन भनि प्रश्नोत्तर गरी टिपोट गराई भन्न र लेख्न लगाउने<br>३.आयआर्जनबाट प्राप्त स्रोतको सदुपयोगगरीआर्थिक मितव्ययिताको उपायहरु के के हुन छलफल गर्ने<br>४.आयआर्जनसँग सम्बन्धित विद्यालयमा सिकाइको कुनै एउटा वा सो भन्दा बढि सिपको बारेमा छलफल गराई तिनीहरुबाट के कस्ता वस्तुहरु उत्पादन गरिन्छ,, फाइदा र महत्वको बारेमा छलफल गर्ने | |
| ८ | स्थानीय जडीबुटी पहिचान तथा प्रयोग | कुनै ७ जडीबुटी पहिचान, संरक्षण र प्रयोग गर्न | ७ जडीबुटी पहिचान | घिउकुमारी, तुलसी, बोझो कालिसिन्को, भांगीराज, आँक र लालीगुराँस को संरक्षण तरिका, उपयोगिता, धेरै उत्पादन र व्यवसाय विकास | छलफल, अन्तरक्रिया गराई प्रत्येकको परिचय संरक्षणका तरिका, फाइदा भन्न लगाउने, लेखिदिने र लेख्न लगाउने | लेखेको अवलोकन गर्ने, रुजु गर्ने र पृष्ठपोषण दिने | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | स्थानीय सहकारी तथा समूह परिचालन | सहकारीको परिचय महत्व र काम कर्तव्य प्रक्रियाका जानकार रहन । | सहकारीको काम कर्तव्य | १. सहकारीको अवधारणा<br>२. सहकारीको सिद्धान्त<br>३. सहकारीको कार्यहरु( सामुहिक हितको कार्य, साझा लक्ष्य | १. सहकारीको परिभाषा भन्न सहजीकरण गर्ने<br>२. सहकारीको सिद्धान्तहरु बारे सहजीकरण गर्ने<br>३. खुल्ला तथा स्वेच्छिक सदस्य, सदस्यहरुद्वारा प्रजातान्त्रिक आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, पारस्परिक सहयोग, समुदायप्रति चासो<br>४. सहकारीले स्थानीय स्तरमा सञ्चालन गरेका क्रियाकलापहरुको अवलोकन गरी सूची तयार पार्ने | सहकारीले स्थानीय स्तरमा गरेको कुनै ३ कार्यको सूची बनाउन लगाउने | ८ |
| १० | भलिबल खेल | भलिबलको नियम बताउन र खेल प्रर्दशन गर्न | भलिबल खेलको नियम र खेल प्रर्दशन | भलिबल खेल सम्बन्धी जानकारी भलिवलका नियमहरु भलिवल खेलको अभ्यास | भलिवल खेल सम्बन्धी जानकारी दिने भलिवल खेलका नियमहरु सिकाउने भलिवल खेलको अभ्यास गराउने (डिगिङ;फिङगरिङ; सर्भिसिङ; रेजरिङ) | भलिवल खेलको नियमहरु भन्न लगाउने भलिवल खेल प्रदर्शन गर्न लगाउने | ११ |
| ११ | सरसफाइ तथा फोहोर मैला व्यवस्थापन | १. आफू र आफू संलग्न संघसंस्थाहरु तथा सामाजिक परिवेशबट निस्केका फोहोरमैलाबाट कम्पोष्ट मल बनाई त्यसको प्रयोगबारे जानकार रहन | फोहोर व्यवस्थापन , कम्पोष्ट मल निर्माण | १. घरको फोहोर व्यवस्थापन गर्न<br>२. विद्यालयको फोहोर व्यवस्थापन गर्न<br>३. कुहिने फोहोरबाट कम्पोष्ट मल बनाउने तरिकाहरु<br>४. कम्पोष्ट मलको प्रयोग र विधिबाट हुने फाइदाहरु<br>५. औद्योगिकीकरणका लागि फोहोर संकलन र निकासी | १. घर समुदाय र विद्यालयमा निस्कने फोहोरलाई वर्गीकरण गरी विभिन्न घटना, भित्र वा भिडियोहरु प्रदर्शन गर्दै घर विद्यालय समुदायबाट उत्पत्ति भएका फोहोरहरुलाई संकलन गरी कम्पोष्ट मल बनाउने तरिकाहरु बताउदै कम्पोष्ट मल बनाउन लगाउने र कम्पोष्ट मलबाट हुने फाइदाहरुको छलफल गराउने पुन : प्रयोग गर्न मिल्ने फोहोलाई संकलन गरी औद्योगीकरणको लागि निकास गर्न प्रेरित गर्ने खालका क्रियाकलाप संचालन गने र घर समुदाय, विद्यालय, व्यक्तिगत सरसफाइ पारिवारिक सरसफाइ गरी स्वच्छ जीवनयापन गर्न प्रेरित गर्ने क्रियाकलाप सञ्चालन गर्ने | कम्पोष्ट मल बनाउने तरिकाहरु उल्लेख गर्दै यसबाट हुने फाइदाहरु लेख्न लगाउने | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२. | स्थानीय कृषि उत्पादन र महत्व | १. कृषिमा आधुनिकीकरण र व्यवसायीकरणको परिचय दिन।<br>२. कृषिमा आधुनिकीकरण को महत्व र आवश्यकता बताउन।<br>३. कृषि तथा पशुपालनमा कृषकले भोग्नुपरेका समस्या पहिचान गर्न।<br>४. कृषि तथा पशुपालनमा कृषकले भोग्नुपरेका समस्याहरु समाधानको उपायहरु बताउन। | १. आधुनिकीकरण व्यवसायीकरण महत्व आवश्यकता समस्या समाधानका उपायहरु | १. आधुनिक र व्यवसायिक कृषिको परिचय आधुनिक कृषि मल बिउ उपकरणको प्रयोग र कृषि उत्पादनमा परेको प्रभाव, आधुनिक र व्यवसायिक रुपमा तरकारी फलफूल खेती र पशुपालनबाट रोजगारीमा वृद्धि आर्थिक विकासमा टेवा अर्थतन्त्रमा योगदान।<br>२. मलको अभाव, असिना, पानी, खडेरी अन्नबाली र पशुपालनमा लाग्ने रोग र प्राविधिक सेवाको उपलब्धता बजारको समस्या, मूल्य निर्धारणको समस्या किरा र जंगली जनावरले बालीलाई नोक्सानी<br>३. वडा पालिकाबाट प्राविधिक सहयोग मल तथा बिउ र बजार व्यवस्थापन र मुल्य निर्धारणमा पालिकाको भूमिका | १. परम्परागत निर्वाहमुखी कृषि र आधुनिक व्यवसायिक कृषिको विभिन्न उदाहरण प्रस्तुत गरि परिचय दिने र कृषि आधुनिकीकरण गर्न प्रेरित गर्न विभिन्न क्रियाकलाप सञ्चालन गरि आधुनिकीकरणको महत्व बुदाँगत रुपमा सुचि तयार पारी छलफल गर्न।<br>२. कृषि तथा पशुपालनमा कृषकले भोग्नुपरेका विभिन्न उदारहण दिइ छलफल गर्ने र ती भोगेका समस्या समाधानमा स्थानिय सरकारलाई ध्यान केन्द्रित गर्ने खालको परियोजना कार्य तयार गर्न लगाइ समस्याका विभिन्न उपायहरु माथि छलफल गराउने। | १. कृषिमा आधुनिकीकरणको परिचय दिइ आवश्यकता र महत्व बताउन लगाउने।<br>२. आफ्नो घरमा बुबा आमाले कृषि पेशा वा पशुपालनबाट भोगेका समास्या टिपोट गर्न लगाउने। | ८ |

## १३. सिकाई सहजिकरण विधि तथा प्रक्रिया

अपेक्षित सक्षमता र सिकाई उपलब्धि प्राप्तीका निम्ति उपयुक्त वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तु  विच सक्रिय अन्तरक्रिया गर्ने विधी वा प्रक्रिया सिकाई सहजिकरण हो। यो एक प्रकारको शिक्षण कला हो। स्थानीय पाठ्यक्रम ब्यवहारिक पाठ्यक्रम भएकाले सहजीकरण क्रियाकलाप सन्चालन गर्दा विद्यार्थीहरुको पूर्व अनुभव स्थानीय विषयवस्तुको अवधारणा तथा रहनसहन , भेषभुषा, धर्म संस्कृति, परम्परा, जीवनशैली, जीवनभरि सरल र सार्थक वनाउने तरिकाहरुमा विशेष ध्यान दिनु आवश्यक छ। विशेषत : "गरेर सिक" (Learing by doing) एवम् "अनुभवबाट सिक" (Learing by experance) को सिद्धान्तअनुसार सिकाई सहजिकरण क्रियाकलापलाई अर्थपूर्ण, रुचीकर र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृति अनुसारको शिक्षण विद्यार्थीको छनौट र प्रयोग गर्नुपर्दछ। शिक्षण विधिको छनौट गर्दा विद्यार्थीको रुची क्षमता, स्तर उमेर आदिलाई ध्यान दिई विद्यार्थीलाई नै सहभागी गराएर विद्यार्थी केन्द्रीत शिक्षण विधी प्रयोग गरी वढी भन्दा वढी ज्ञान र विकास गराउनु पर्दछ। शिक्षकले सहयोगीको भूमिका निर्वाह गरी विद्यार्थीलाई स्थानीय विषय क्षेत्रमा केन्द्रित भई परियोजना कार्य (Project work) का रुपमा सान्दर्भिक क्षेत्रको स्थलगत अध्ययन भ्रमण, सामाग्री सङ्कलन अध्ययन तथा विश्लेशण सिकाईलाई व्यवहार प्रदर्शन जस्ता पक्षमा जोड दिन आवश्यक छ। यो प्रयोगात्मक विषय भएकाले प्रदर्शन, अवलोकन र उपयोगलाई विशेष प्राथमिकता दिनुपर्दछ। सैद्धान्तिक विषयवस्तुको प्रस्तुति पछि विद्यार्थीहरुलाई यथा सम्भव उदाहरण स्थलगत अध्ययन भ्रमण एवम प्रयोगात्मक कार्य गर्न लगाउनु पर्दछ। सहजीकरण प्रक्रियाले विद्यार्थीमा समझदारी क्रियाकलाप सोचाई तथा प्रयोगात्मक सिप र अभिवृत्तिको विकास गर्दछ। त्यसैले सिकाइ सहजिकरण क्रियाकलाप सन्चालन गर्दा कुनै एकाइका लागी विषयवस्तुको प्रकृति हेरेर विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षणलाई अपनाउनुपर्दछ।

### १.१ सिकाइ सहजीकरणलाई प्रभावकारी गुणस्तरीय बनाउन उपयोग गर्न सकिने सम्भावित विधिहरु :

१. प्रदर्शन विधि
२. छलफल विधि
३. प्रश्नोत्तर विधि
४. अभिनय
५. अवलोकन भ्रमण
६. खोज विधि
७. परियोजना विधि
८. समस्या समाधान विधि
९. प्रवचन विधि
१०. खेल विधि
११. कथा विधि
१२. अभ्यास विधि
१३. समूह कार्य विधि
१४. जिक्सअ विधि

## १४. विद्यार्थी मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उदेश्य अनुरुप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके वा सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्वपूर्ण संयन्त्र मूल्याङ्कन हो। बलेफी गाउँपालिकाको स्थानीय पाठ्यक्रममा विद्यार्थीको मूल्याङ्कन गर्नका लागि निर्माणात्मक र निर्णयात्मक दुवै तरिकाहरु उपयोग गरिने छ।

### १.२ निर्माणात्मक मूल्याङ्कन

विद्यार्थीले के कति सिके भन्ने कुरा पत्ता लगाई नसिकेको भए नसिक्नुको कारण पहिचान गरी पुनः सिकाइन्छ। यस्तो मूल्याङ्कन कक्षाकोठामा सिकाइ सहजीकरण क्रियाकलापकै क्रममा कक्षा कार्य, गृहकार्य, कक्षा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, हाजिरी, अनुशासन आदिका आधारमा अभिलेख राख्नुपर्दछ। साथै आवश्यकता अनुसार विद्यार्थीलाई तुरुन्त पृष्ठपोषण दिई सुधारको वातावरण सिर्जना गरिदिने।

### १.३ निर्णयात्मक मूल्याङ्कन

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरुप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गरेका वा नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा निर्णय गर्ने प्रयोजनार्थ त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ। यस्तो मूल्याङ्कन आवधिक रुपमा गर्ने गरिन्छ। यस विषयमा शैक्षिक सत्रको अन्त्यमा मूल्याङ्कन गर्ने गरिन्छ।

विषयवस्तुको स्वरुप अनुसार सैद्धान्तिक र प्रयोगात्मक पक्षको मूल्यांकन समावेश गरिनेछ। शिक्षाका सिकाई को क्रममा गरिने नियमित र निरन्तर मूल्याङ्कन विद्यालय स्तरीय परीक्षाहरु र पालिका स्तरीय परीक्षाको आधारमा विद्यार्थीहरुको परीक्षण मूल्याङ्कन र प्रमाणिकरण गरिने छ। यसका लागि कक्षा १ देखि ३ को लागि प्रत्येक विषयक्षेत्रको सिकाई उपलब्धि का विभिन्न साधनको प्रयोग गरी मूल्यांकन गर्ने र उपलब्धि स्तरलाई १ देखि ४ सम्मको स्तरमा रेटीङ्ग गर्नुपर्ने हुन्छ।

| उपलब्धी प्रतिशत | ग्रेड अंकन | अक्षरमा उपलब्धी स्तर | उपलब्धी स्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत |
| ३५ र सो भन्दा माथी ४० भन्दा कम | १.६ | D | आधारभूत |
| ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य |
| ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक |
| ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम |
| ७० र सो भन्दा माथि ८० भन्दा कम | २.३ | B+ | उत्कृष्ट |
| ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अति उत्तम |
| ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोतम् |

कक्षा ४ देखि ८ मा आन्तरिक र बाह्य मूलाइकनको व्यवस्था गरिएको छ। यस अन्तर्गत आन्तरिक ५० र बाह्य ५० प्रतिशत गरि जम्मा १०० प्रतिशत मूल्याङ्कनको व्यवस्था गरिएको छ।

**क)** **आन्तरिक** : निर्माणात्मक मूल्याङ्कनको आफ्नो निश्चित भार आन्तरिक मूल्याङ्कनका रुपमा अभिलेख गर्नुपर्दछ।

| क.स. | मूल्याङ्कन क्षेत्र | अङ्कन |
|---|---|---|
| १ | कक्षाकोठा सहभागिता | ४ |
| २ | मुख्य सिकाइ उपलब्धीमा विद्यार्थीको सिकाइ स्तर | २० |
| ३ | प्रयोगात्मक तथा परियोजना कार्य | १६ |
| ४ | त्रैमासिक परीक्षाहरु (प्रथम र द्वितीय ५/५) | १० |
| | **जम्मा** | **५०** |

**ख)** **बाह्य मूल्याङ्कन** : बाह्य मूल्याङ्कन सम्झाइ, बुझाइ र उच्च दक्षतामा आधारित हुनेछन्। पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य अनुरुप विद्यार्थीहरुले ज्ञान, सिप, अभिवृद्धी प्राप्त गरे नगरेको मूल्याङ्कन गरी सिकाई स्तरको प्रमाणीकरण गरिन्छ । यसका लागि विशिष्टीकरण तालिका तयार गरि आन्तरिक र बाह्य मूल्याङ्कन बाट प्राप्ताङ्कलाई लेटर ग्रेडिङमा रुपान्तरण गरिन्छ।

## १४. पाठ्यक्रम कार्यान्वयन प्रक्रिया :

यस पाठ्यक्रमको कार्यान्वयन गर्न शिक्षकको भूमिका महत्वपूर्ण हुनेछ । विद्यार्थीहरुलाई स्थानीय वातावरणको अवलोकन गराइनेछ। परियोजना कार्य र प्रतिवेदनको माध्यम अवलम्बन गरिने छ। समुदायका वुद्धीजीवि, शिक्षाप्रेमी, समाजसेवी एवम सम्बन्धित विषय क्षेत्रमा जानकारी व्यक्तिहरु स्रोत व्यक्तिको रुपमा रहनेछन्। विद्यालयहरुले यस पाठ्यक्रम कार्यान्वयनका क्रममा आवश्यकता र शैक्षिक आवश्यकता अनुसार स्थानीय भाषा वा अंग्रेजी माध्यम समेत अवलम्बन गर्न सकिनेछ। विषय क्षेत्रमा आवश्यक गाउँपालिका का एवम् जिल्लाका विवरणहरु संकलन गरी पठनपाठनमा प्रयोग गरिनेछ। विषयवस्तुमा समावेश प्रमुख क्षेत्र स्थलमा अवलोकन भ्रमण गराइनेछ।

## धन्यवाद